वर्ष : १५, अंक : २७, काठमाडौं, २०७६ कार्तिक १५ गते शुक्रबार, 1 November 2019, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh




# अन्योलमा राजपा : न महाधिवेशन न एकता

## तोकिएको मितिमा महाधिवेशन नहुने पक्का, अनौपचारिकतामै सीमित एकता, नेतृत्वबीच विवाद

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेशका ६ वटा दलहरू मिलेर बनेको राष्ट्रिय जनता पार्टी नेपालको महाधिवेशन यसपटक पनि नहुने निश्चित भइसकेको छ । करिब ९ महिना अगाडि नै एकताको महाधिवेशन गर्ने घोषणा गरेपनि खासै तयारी नपुगेपछि पुन: महाधिवेशनको मिति सार्ने तयारीमा राजपा नेपाल रहेको छ । महाधिवेशन हुने वा नहुनेमा नेता कार्यकर्ताहरू अझैसम्म अन्योलमै छन् । आगामी २८-३० गतेसम्म तोकिएको महाधिवेशन मिति नजिकिँदै गर्दा नेतृत्वमै विवाद कायम रहेको शीर्ष नेताहरू बताउँछन् ।



राजपा नेपालका सहअध्यक्षसमेत रहेका लक्ष्मण लाल कर्णले पार्टीभित्र आन्तरिक द्वन्द्व रहेको स्वीकारेका छन् । उनले भने, 'त्यसको समाधान गर्नुपर्छ । साथै महाधिवेशन गर्नुपर्छ ।' उनले नेतृत्वबीच द्वन्द्व रहेको जिकिर गरेका छन् । ' पार्टीभित्र नेतृत्वबीच केही विवाद देखिरहेको छ । व्यक्तिगत द्वन्द्वले पार्टीमा केही फाइदा गर्दैन ।' उनले भने ।

राजपाको महाधिवेशनबारे अध्यक्षमण्डलले विभिन्न निर्णयहरू गरेका प्रवक्ता डा.डिम्पल कुमार झा बताउँछिन् । उनले राजपा नेपाल महाधिवेशन केन्द्रित नै दाबी गरेकी छन् । गाउँ, जिल्ला, क्षेत्रीय अधिवेशन गराउनका लागि निर्देशन जारी गरिसकिएको छ । महाधिवेशनकै तयारी स्वरूप यस्तो निर्देशन गरिएको हो । यहीं बीचमा उचनिर्वाचन पनि हुँदैछ, त्यसमा पनि हामी केन्द्रित हुनुपर्ने अवस्था छ । राजपा महाधिवेशनको प्रक्रियामा लागेको छ ।

'तोकिएकै मितिमा राजपाको महाधिवेशन सम्भव देखिएन' प्रवक्ता झा भन्छिन्, अहिले केही प्रक्रियाहरू बाँकी छ । प्रक्रिया पूरा नगरिकन महाधिवेशन हुन सक्दैन ।' उपनिर्वाचनपश्चात् महाधिवेशन हुने मधेशवाणीलाई उनले बताइन् । राजपा नेपालको अध्यक्षमण्डलको बैठक आगामी १९ पुन: बोलाइएको छ । सो बैठकले यसको टुंगो लगाउने उनको दाबी छ ।

तदर्थ समिति गठन गर्न निर्देशिका

राजपा नेपालको महाधिवेशन तयारीस्वरूप जिल्लाहरूमा तदर्थ समिति गठन गर्न निर्देशिका जारी गरिएको छ । गत कार्तिक ८ गते शुक्रबार राजपा नेपालको अध्यक्षमण्डलको बैठकले जिल्ला अध्यक्षमण्डलहरूलाई २१ बुँदे निर्देशिका जारी गरेको हो । यस निर्देशिका बमोजिम वडा देखि जिल्ला स्तरसम्मका पार्टी समितिहरू सम्मेलन गरि गठन गरिने, साथै यथासम्भव वर्गीय संगठनहरूको तदर्थ समिति गठन गरिने जनाइएको छ । तदर्थ समितिहरू निर्माण गर्न वडा सम्मेलन, ालिका सम्मेलन, क्षेत्रीय सम्मेलन र जिल्ला सम्मेलन गरिनेछ ।

हरेक तहको सम्मेलनबाट पार्टीको सम्बन्धित तदर्थ समितिहरू तथा आवश्यक र उपयुक्त वर्गीय संगठनहरूको तदर्थ समितिहरू गठन गरिनेछ । प्रत्येक तहको तदर्थ समिति गठन गर्दा यथासम्भव समावेशीताको आधारमा गर्नुपर्ने निर्देशिकामा उल्लेख छ । यसैगरी, प्रत्येक तहको सम्मेलन गर्दा त्यस तहबाट पार्टीमा रहेको सबै स्तरका नेता तथा कार्यकर्ता सम्बन्धित सम्मेलनमा सम्मेलनको सदस्य नरहे पनि पर्यवेक्षकको रूपमा सहभागी हुन सक्नेछन् । वर्गीय संगठनको हकमा सबै तहमा यथा सम्भव तदर्थ समितिहरू गठन गर्न सकिनेछ ।

सम्मेलनको लागि केन्द्रबाट प्रत्येक जिल्लामा केन्द्रीय पर्यवेक्षक खटाइनेछ तथा पर्यवेक्षकहरूले जिल्ला भरिको सम्मेलनको रेखदेख गर्ने, क्षेत्रिय सम्मेलनको केन्द्र तोक्ने र जिल्ला भरिको रेकर्ड केन्द्रमा बुझाउनुपर्नेछ । सम्मेलन गर्दा गत स्थानीय निर्वाचनमा पार्टीको तर्फ बाट वडा, पालिका र संसदीय निर्वाचन क्षेत्रहरूका उम्मेदवारहरूले सम्मेलनको अध्यक्षता गर्ने र पार्टीका उक्त निकायहरूमा उम्मेदवार नरहेको अवस्थामा वा चुनावमा भाग नलिएको अवस्थामा त्यहाँ उपस्थित पार्टीका सबै भन्दा बरिष्ठ पदाधिकारी वा सदस्यले अध्यक्षता गर्नेछ तर पालिकाको हकमा हाल प्रमुखको उम्मेदवार नरहेको अवस्थामा उप-प्रमुखले अध्यक्षता गर्नेछ र त्यहाँ गठन भएका सबै तदर्थ समितिहरूको रेकर्ड अध्यक्षता गर्ने नेताले केन्द्रिय पर्यवेक्षकलाई बुझाउनुपर्नेछ ।

सम्मेलन स्थलको लागि वडाको हकमा वडाको केन्द्रमा, पालिकाको हकमा पालिकाको केन्द्रमा प्रतिनिधि सभा र प्रदेश सभाको संयुक्त क्षेत्रीय सम्मेलनको हकमा

*बाँकी अन्तिम पृष्ठमा*

## जनकपुरधामबाट नेपाल भ्रमण वर्षको शुभारम्भ



जनकपुरधाम । नेपाल भ्रमण वर्ष २०२० प्रवर्द्धनको शुभारम्भ जनकपुरधामबाट गरिएको छ । हिन्दुहरूको महान चाड छठको पूर्वसन्ध्यामा नेपाल भ्रमण वर्ष संयोजन समिति, संघीय सरकार र प्रदेश सरकारको संयुक्त तत्वाधानमा जनकपुरधामको तिरहुतिया गाछीमा आयोजित कार्यक्रम मार्फत उपप्रधानमन्त्री सहितका अतिथिहरूले हातेमालो गर्दै नेपाल भ्रमण वर्ष २०२० प्रवर्द्धनको शुभारम्भ गरेका हुन् । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि एवं उपप्रधान स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले नेपालको प्राकृतिक, धार्मिक र सांस्कृतिक संगम विश्वकै लागि अनुपम रहेको दावी गरे । उनले हिमालको चुचुरोदेखि तराई/मधेशका फाँटसम्मको प्राकृतिक सौन्दर्यताको वर्णन गर्दै धार्मिक आस्थाका केन्द्र जनकपुरधाम, लुम्बिनी लगायतका क्षेत्रहरू पर्यटक लोभ्याउन पर्याप्त रहेको जिकिर समेत गरे । मुलुकको समृद्धिका लागि पर्यटन प्रमुख आधार बन्न सक्ने तर्क गर्दै उपप्रधानमन्त्री यादवले पर्यटन क्षेत्रको विकास गर्न संघ, प्रदेश र स्थानीय सरकारहरूलाई हातेमालो गर्न आग्रह समेत गरे ।

कार्यक्रममा संघीय सरकारका पर्यटनमन्त्री योगेश भट्टराईले पर्यटनको विकासका लागि संघीय सरकार तत्पर रहेको उल्लेख गर्दै पर्यटकीय क्षेत्रको विकासमा प्रदेश सरकारसँग सहकार्य गर्न तयार रहेको बताए ।

कार्यक्रममा प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेश सरकार प्रदेश भित्र धार्मिक करिडोरको निर्माण गर्ने प्रक्रिया शुरू गरि सकेको उल्लेख गर्दै यसमा सहयोग गर्न संघीय सरकारलाई आग्रह गर्दै पर्यटकीय विकासमा संघ सरकारसँग हातेमालो गर्न एक कदम अघि बढ्ने प्रतिवद्धता समेत जनाए । उनले प्रदेश नं. २ को विकास विना मुलुकको समृद्धि सम्भव नरहेको जिकीर समेत गरे । प्रदेश सरकारले धार्मिक पर्यटनको महत्व बुझेर नै आफनो विकासको पहिलो कदम जानकी मन्दिरबाट शुरू गरेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले अन्य पर्यटकीय स्थलहरूको विकासमा समेत प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

प्रदेशका उद्योग वन तथा पर्यटन मन्त्री राम नरेश रायको अध्यक्षतामा भएको उक्त कार्यक्रममा नेपाली काँग्रेस संसदीय दलका नेता राम सरोज यादव सहितका वक्ताहरूले मन्तव्य राखेका थिए । कार्यक्रममा विभिन्न कलाकारहरूले आफ्नो साँस्कृतिक प्रस्तुती समेत गरेका थिए ।

## कपिलवस्तुमा प्रहरीको गोलीबाट एकको मृत्यु

मणि प्रसाद गैह्रे

कपिलवस्तु । कृष्णनगरमा जिल्ला प्रशासन कार्यालयले लगाएको कर्फ्युको अवज्ञा गर्दा एक जनाको ज्यान गएको छ । लक्ष्मी पूजाको मूर्ति विसर्जनका क्रममा सुरू भएको विवादले ठूलो रूप लिएपछि सो क्षेत्र तनावग्रस्त बनेको हो । झडपमा प्रहरीको गोली लागेपछि २० वर्षीय सुरज पाण्डेयको मृत्यु भएको बताइएको छ । स्थिति नियन्त्रणका क्रममा प्रहरी र स्थानीय समुदायबीच झडप भएको थियो ।

बुधबार साँझदेखि सुरू भएको विवादले बिहीबार विहान झनै ठूलो रूप लिएपछि जिल्ला प्रशासन कार्यालय कपिलवस्तुले अनिश्चितकालका लागि कर्फ्यु जारी गरेको थियो । मूर्ति विसर्जन गर्ने क्रममा रूटको विषयलाई लिएर स्थानीय दुई समुदायबीच विवाद भएको थियो । विवाद मिलाउन खोज्दा प्रहरीमाथि नै जाइलागेपछि स्थिति थप तनावग्रस्त बनेको थियो । प्रशासनले विहान ११ बजेदेखि अर्को आदेश नभएसम्मका लागि कर्फ्यू जारी गरेको थियो । कर्फ्यू कृष्णनगर भन्सार कार्यालयदेखि उत्तर तर्फ ७ सय मिटर, पश्चिम तर्फ ७ सय मिटर र पूर्व तर्फ ३ सय मिटर क्षेत्रमा कर्फ्यू जारी गरिएको प्रशासनद्वारा जानकारी दिइएको छ । गत वर्षपनि कृष्णनगरमा दुर्गा पूजाको मूर्ती विसर्जनका बेला यस्तै कर्फ्यु जारी गरिएको थियो । बेला बेला कृष्णनगर क्षेत्रमा हिन्दु र मुस्लिम समुदायबीच तनाव हुँदै आएको छ ।






## सम्पादकीय

# मधेशका चाडपर्वको सन्देश

समग्र मुलुक नै अहिले चाडपर्वको रंगमा रंगिएको छ । असोज र कार्तिक महिना खासगरी चाडपर्वको महिनाको रूपमा चिनिन्छ । प्रायः प्रमुख पर्वहरू यी दुई महिनामा नै पर्ने गरेको छ र लगातार जस्तै हुन्छ । नेपालीहरूको महान पर्व विजया दशमी, शुभ दीपावली, नेपाल सम्वत्, छठ र सामा चकेवा लगायतका पर्वहरू पर्ने गर्छन् । खासगरी तराई/मधेशमा विशेष महत्वका साथ मनाइने छठ हो । सबभन्दा प्रमुख र निष्ठाका साथ मनाइने पर्वको रूपमा पनि छठ पर्वलाई लिने गरिन्छ ।

तराई/मधेशमा मनाइने हरेक चाडपर्वहरू हाम्रो जनजीवन र अर्थतन्त्रको झझल्कोको रूपमा आएका हुन् । चाडपर्वहरूमा अन्धविश्वास बढ्दै गएको संस्कृति विद् तथा साहित्यकारहरू बताउँछन् । दीपावलीको कुरा गर्ने हो भने सरसफाई गर्ने र अन्न बालीहरू भित्र्याउने समय भएको हुनाले पनि यस पर्वको विशेष महत्व रहेको बताइन्छ । अन्न बाली भित्र्याउँदा त्यो समयमा विभिन्न किसिमका किरा फट्याङ्ग्राहरू आउने

**कृषिउपज वस्तुहरूलाई कसरी उपयोग गर्ने, आन्तरिक पर्यटनलाई कसरी बढाउने, प्रचारप्रसार कसरी गर्ने र त्यसै अवसरमा उत्सव गरेर भोगचलन भन्ने प्रचलनको हिसावले मधेशमा चाडपर्वहरू आएका छन् ।**

सम्भावना रहेकोले दीपावलीमा दीप बाल्ने र त्यसबाट आउने धुवाँले त्यसलाई नष्ट गर्ने विश्वास रहेको छ । तर, आजभोली दीपावली वा अन्य चाडपर्वहरूको नाउँमा देखावटीपन र आधुनिकताले मौलिकता लोप हुँदै गइरहेको छ । आधुनिकता नराम्रो होइन तर, त्यो कृत्रिमतातर्फ गइरहेकोले अलि चिन्ताको विषय हो ।

यसैगरी, छठ पूजा चार दिवसीय उत्सव हो । कार्तिक शुक्ल चतुर्थीका दिन शुरू भएर कार्तिक शुक्ल सप्तमीमा यसको समाप्ति हुन्छ । यो बीचमा व्रतधारी लगातार ३६ घन्टाको व्रत राख्ने गर्दछ । छठको प्रसादमा उखु, केराउ, केरा, नरिवल, मिठाई, चना, ठेकुवा, कसार, कागती र अदुवा राखिन्छ । विशेषगरी शुद्ध घिउमा गहुँको पिठोबाट निर्मित ठेकुवा र चामलबाट निर्मित कसारको विशेष प्रसाद बनाइन्छ । छठ माताको पूजाआजा गरेपछि भाकल गर्नेहरूको सबै मनोकामना पूरा हुने धार्मिक विश्वास छ । यो व्रत गर्नाले चर्मरोग छिटो निको हुने पनि विश्वास गरिन्छ ।

कृषिउपज वस्तुहरूलाई कसरी उपयोग गर्ने, आन्तरिक पर्यटनलाई कसरी बढाउने, प्रचारप्रसार कसरी गर्ने र त्यसै अवसरमा उत्सव गरेर भोगचलन भन्ने प्रचलनको हिसावले मधेशमा चाडपर्वहरू आएका छन् । कृषिउपज वस्तुहरूलाई उपयोग गर्ने हिसावले मधेशमा विभिन्न चाडपर्वहरू मनाइने गरिएको छ । तर, आजभोली यसमा विभिन्न विकृतिहरू देखा परिरहेका छन् । कला-संस्कृतिलाई जोगाउनका लागि निर्मलीकरण अभियान चलाउने आवश्यकता देखिएको छ । सबै चाडपर्वको आआफ्नै किसिमको उपादेयता छन् । यसले हाम्रो आन्तरिक पर्यटनलाई पनि प्रवर्द्धन गर्छ ।

## साताको सात बात


मधेशका जनतासँग हृदयदेखि नै प्रेम छ । म तराई-मधेशको विकासमा सधैं प्रत्यनशील छु । भिठामोड-जनकपुर सडक म प्रधानमन्त्री भएकै समयमा शिलान्यास भएको थियो अहिले निर्माणको काममा ढिलाई भएको पाँए यो विषयमा तत्काल प्रधानमन्त्रीसँग छलफल गर्छु । **पुष्पकमल दाहाल, अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी**


शासकहरूले अर्थात् जुन जाति धर्मको व्यक्तिले शासनसत्ताको नेतृत्व गर्यो,स्वतः उसले आफ्नो भाषा,संस्कृति,संस्कारलाई उच्च मान्ने र राज्यसत्ताको प्रयोग गरेर बढी तामझामका साथ मनाउने आदि गर्दै जाँदा पराजित वा उत्पीडित पक्षमाथि जबरजस्ती लादिएको अनुभूति हुनु स्वभाविक पनि हुन्छ । **डा. बाबुराम भट्टराई, अध्यक्ष, समाजवादी पार्टी**


सरकारमा रहने वा नरहने भन्नेबारे व्यक्तिले कहाँ के भन्छ भन्ने कुराले खासै अर्थ राख्दैन । पार्टीको बैठकले जुन निर्णय गर्छ त्यही नै आधिकारिक निर्णय हुन्छ । खास हामी संविधान संशोधन गर्ने सर्तमा सरकारमा गएका हौं । **उपेन्द्र यादव, उपप्रधान एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री**


हिजो माओवादी र एमाले भनेर सोच्ने गर्थ्यौं, अब माओवादी, एमाले भनेर सम्मानजनक इतिहास भएको छ । अबको यथार्थ भनेकै नेकपा हो । यस कुरालाई व्यवहारमा समेत आत्मसात गरेर हामीले काम गर्नुपर्छ । यसका लागि भावनात्मक रूपमा पनि पार्टी एक हुनुपर्छ । **सुवास नेम्वाङ, नेता, नेपाल कम्युनिष्ट पार्टी**


पार्टीभित्र आन्तरिक द्वन्द्व छन् त्यसको समाधान गर्नुपर्छ । साथै महाधिवेशन गर्नुपर्छ । मैले पहिला समयमा पार्टीभित्र नेतृत्वबीच केही विवाद देखिरहेको छ । व्यक्तिगत द्वन्द्वले पार्टीमा केही फाइदा गर्दैन । यस्ता समस्याहरू समाधान गर्न सकिन्छ यो ठूलो प्रश्न पनि होइन । **लक्ष्मणलाल कर्ण, सहअध्यक्ष, राजपा नेपाल**


चिनियाँ राष्ट्रपति सी जिङपिङको भ्रमणको समयमा भएका सहमति र सम्झौताको कार्यान्वयन गरेर नेपालले विश्वास जित्नुपर्ने समय भएको छ । व्यावहारिकतामा लगेर कसरी फाइदा लिने, कार्यान्वयनको तालिका बनाएर जे-जे भनेका छौं, त्यसलाई विश्वासमा बदल्ने भनेको परिणामले हो । **दीपकुमार उपाध्याय, पूर्वराजदूत**


सरकारले एकपछि अर्को गरी संख्याको प्रयोग गरेर संविधानका आधारभूत मान्यताको खिलाफमा कानुन बनाउने काम भएको छ । सरकारसँग दुईतिहाइको ताकत हुनु नराम्रो होइन । यो ताकत उसले नेपालभित्र वर्षौंदेखि जगल्टिएका समस्या समाधानको हल गर्न प्रयोग गर्नु पर्ने हो । **गगन थापा, नेता, नेपाली कांग्रेस**

# मौलिक संस्कृति र परिवर्तनको आवेग

**विचार-विश्लेषण** भाग-४५


उपेन्द्र झा

सनातन हिन्दू धर्म, संस्कृतिको आलोकमा नेपाली समाजको तयार संरचनामा मानव सभ्यता बिस्तारै विकसित भएको हो । सृष्टिकालदेखि समुद्रको गर्भबाट अस्तित्वमा आएको गगनचुम्बी हिमश्रृंखला र त्यसमा विकसित भएको सनातन हिन्दू धर्म, संस्कृतिको मानव सभ्यता हाम्रो मौलिक संस्कृतिको रूपमा इतिहासमा विराजमान छ ।

श्रृंखलाबद्ध रूपमा रहेको हिमाली श्रृंखलाले मानव सभ्यताको मात्र विकास गरेन, देवी देवताको बासस्थान पनि बनायो । कैलाश, मानसरोबर, मुक्तिनाथ, पशुपतिनाथ, स्वर्गद्धारी, बराहक्षेत्र आदि तीर्थ-स्थलहरू अनादिकालदेखि हिन्दूत्व संरक्षणको प्रतिकको रूपमा अस्तित्वमान छ ।

समुद्रको गर्भबाट पहिलो उत्तरी ध्रुव बाहिर आएको र सृष्टिकालको प्रतीकको रूपमा सर्वोच्च हिमशिखर नेपाली भु-भागमा रहेकोले जलप्रकोपबाट बच्च यही शिखरमा मानव सभ्यताको विकास हुनु स्वभाविक थियो । अन्य भाग जलमग्न रहेकोले मानव र देवी देउताको पहाडी श्रृंखलामा उपस्थिती अनेक धर्मग्रन्थ र इतिहासमा वर्णित छ । ब्रहमा र विष्णु मानसरोवरमा विराजमान थियो भने महेश (शंकर) कैलाश पर्वतमा बास बसेको अनेकौं प्रमाण बौद्धिक ग्रन्थ तथा इतिहासमा पाइन्छ । बिस्तारै तल्लो भागहरू पनि पानीबाट बाहिर आउँदै जाँदा मानवबस्तीको विकास भयो ।

जीवन जिउने आवश्यकताले मानिसलाई फिरन्ते बनायो । आवश्यकता पुर्ति गर्न जटिलमार्ग पनि पार गरि मानिस संसारभरि भ्रमण गर्न थाले । सुविधा र सहुलियतको खोजी गर्दै कालान्तरमा प्रकृतिले उपलब्ध गराएको समतल फाँटमा मानिसहरू बस्न थाले । यसरी दल, समूह, कबिलाहरू एक ठाउँबाट अर्को ठाउँ सर्दै रहे । मानव सम्भयताको विकास भएपछि पनि भ्रमण बसोबास रोकिएन, मानवको फिरन्ते स्वभावमा किञ्चित परिवर्तन आएन र यो क्रम शताब्दियौं चल्दै रह्यो ।

नेपाली भू-भागमा विकसित मानव सभ्यता ऐतिहासिक कालदेखि सनातन हिन्दूधर्म, संस्कृतिको आधारमा नेपाली समाजको निर्माण गरेको हो । फिरन्ते मानवको तिव्रतर आवेगले पनि मौलिक संस्कृतिको क्षयीकरण गर्न सकेन । परिवर्तनको प्रवल आवेगलाई झेल्दै हाम्रो हिन्दूधर्म, संकतिले आफ्नो मौलिक अस्तित्वलाई कायम राख्यो ।

गोपालबंशी, महिषपालबंशी, किराँतकाल, लिच्छिवी, मल्लकाल हुँदै शाहवंशीकालसम्म हिन्दू धर्म संस्कृतिको सामाजिक संरचना अक्षुण्ण नै रहेको देखिन्छ । यही ऐतिहासिक कालमा राजनीतिक वर्चस्व कायम गर्न अनेक जातीहरू नेपाली भुमिमा प्रवेश गरेपनि परम्परागत रूपको नेपाली सामाजिक संरचनामा खासै प्रभाव पार्न सकेन । अनेक रूढीवादी अनावश्यक रितिरीवाज खारेज भयो । तर सांस्कृतिक मुलप्रवाह आफ्नो दिशामा प्रवाहित हुँदै रहयो ।

४ दशक पूर्वदेखि नेपाली राजनीतिमा प्रवेश गरेको मौलिक धर्म, संस्कृतिलाई नाश गर्ने खतरनाक प्रवृति बाहिरी निर्देशनबाट प्रेरित देखियो । यस अन्तरालमा मुस्लिम धर्म, बुद्धधर्म, सिख धर्मको पारस्परिक सहिष्णुताको सुमधुर बन्धलाई चुडाल्दै इसाई धर्म आँधी तुफानको बेगमा नेपाली राजनीतिमा प्रवेश गर्‍यो ।

नेपाली राजनीतिमा शिखरमा रहेका नेतृत्वमण्डली वर्चस्व अक्षुण्ण राख्न धनप्रति आशक्त हुन थालेपछि उनी समुहगत रूपमा इसाईको प्रभावमा फस्दै गए । शाहवंशीयकालमा शुरू भएको इसाईकरण नेपाली कांग्रेस र कम्युनिष्ट सरकारमा तीव्र रूपमा बढ्यो । धर्म परिवर्तन गराउने नाममा शीर्ष राजनीतिकर्मीहरूले अपेक्षाभन्दा बढी धनलाभ गर्न शुरू गरेपछि हिन्दूधर्म, संस्कृतिमाथि प्रत्यक्ष आक्रमणका अनेकौं घटनाहरू प्रकाशमा आउन थालेका छन् । शीर्ष राजनीतिकर्मीहरू हिन्दू धर्मको विरोधमा सार्वजनिक सभा, समरोहमा अभिव्यक्ति दिन थालेका छन् ।

पारस्परिक सामाजिक संरचनालाई भत्काएर कम्युनिष्ट समाजको स्थापना गर्ने चीनमा कम्युनिष्ट सरकार स्थापना गर्ने माओत्सेतुङले संचालन गरेको ‘सांस्कृतिक क्रान्ति’ को महाअभियानलाई चीनियाँ जनताले धुलो चटाई दिएको घटनालाई बिर्सेर नेपालका तथाकथित राजनीतिकर्मीले विदेशीको ईशारामा नेपालमा क्रिश्चियन धर्म स्थापना गर्न लागि परेका छन् । नेपालको प्रगतिमा हिन्दू धर्म नै बाधक हो भनेर प्रचार गर्ने दलाल र गुलाम मनोवृत्तिको बिगबिगी यत्रतत्र सक्रिय देखिनु निश्चय पनि चिन्ताको विषय बनेको छ ।

विश्व-स्तरमा इसाई र मुस्लिम धर्मको चर्को तनावले कतिपय ठाउँमा युद्ध नै भएको घटनाहरू देखिएका छन् । नेपालमा इसाई धर्मको तीव्र प्रगतिले नेपाललाई समरभूमिमा परिणत गर्ने कुरामा शंका छैन । धार्मिक सहिष्णुताको मधुर बन्धनमा बाँधिएको नेपाली समाजलाई जरैदेखि परिवर्तन गर्ने दुस्साहसले नेपालमा युद्ध नल्याउला भन्न सकिन्न । तथाकथित राजनेताहरूको इसाई अभियानमा सामुहिक समर्थनका कारण गतिशिलता बढेको हो । इसाईको तीव्र बेगमा हिन्दूहरू नै भष्म भईरहेका छन् । इसाई धर्मलाई बेगवान बनाउने नेपालको गरिबी र कथित राजनेताहरूको दरिद्र मानसिकता हो । हिन्दू धर्मको क्षयीकरणमा मुस्लिमको भलो हुने कुरा पनि छैन । हिन्दू धर्मभित्र नै मुस्लिम धर्मावलम्वीहरूको संरक्षण लुकेको छ ।

हिन्दूधर्मको विरूद्धमा हरेक समुहलाई सक्रिय बनाइएको छ । सृष्टिकालदेखिको हिन्दू सनातन धर्म आफै भित्रका दुष्चरित्र, अभिमानी, कट्टरवादीहरूले आफ्नो मनोनुकुल मार्ग बनाए , पथ बनाए । व्यक्ति समयकालमा हिन्दू धर्ममा प्रवेश गरेका गलत रितिरीवाज, परम्परा, दुष्प्रवृति सबै परम्पराको नाममा श्रेष्ठ र निच बनाए । मार्गलाई छोपेर पथ बनाएर समाजलाई विभक्त गरिनु हिन्दूधर्मको दुर्भाग्य भयो । हिन्दू धर्मको राम्रो पक्षलाई गौण गरि दुष्प्रवृतिलाई धर्म बनाई पेश गरिनु विगतकालका ठुला-ठूला ऐतिहासिक भुल हो ।

विविधतायुक्त नेपाली समाज परम्परागत रूपमा हिन्दू धर्मप्रति आस्था राख्ने समाज हो । प्राणभन्दा प्यारो हाम्रो संस्कृतिको जगेर्ना गर्ने हाम्रो संवैधानिक अधिकार हो । बडो चलाखीपूर्ण ढंगले धर्म परिवर्तन गराउने प्रयास थालिएकोबाट हिन्दू धर्म क्षयीकरणमा परेको छ । हिन्दू धर्म तथा पास्टरको दोहोरो भूमिकामा रहेका राजनीतिकर्मीको खतरनाक खेलप्रति सतर्क रहन आवश्यक देखिएको छ । हिन्दू धर्म एउटा आस्था हो, विश्वास हो । हिन्दू धर्मको अनुयायी भएकोले यो हाम्रो जीवन पद्धति बनेको छ । यसकारण आवश्यक परिवर्तनलाई अंगाल्दै हाम्रो संस्कृतिलाई मास्ने गरि आउने परिवर्तनलाई रोकौं । नेपाली समाजको परम्परागत संस्कृतिलाई बचाऔं ।

> विविधतायुक्त नेपाली समाज परम्परागत रूपमा हिन्दू धर्मप्रति आस्था राख्ने समाज हो । प्राणभन्दा प्यारो हाम्रो संस्कृतिको जगेर्ना गर्ने हाम्रो संवैधानिक अधिकार हो । बडो चलाखीपूर्ण ढंगले धर्म परिवर्तन गराउने प्रयास थालिएकोबाट हिन्दू धर्म क्षयीकरणमा परेको छ ।

*janukjha24@gmail.com*

# निष्ठा र श्रद्धाको पर्व ‘छठ’


सुधा मिश्र

छठ हिन्दुहरूको एक महान पर्व हो जुन मधेश, पहाड र उपत्यका सबैतिर धेरै आस्था, निष्ठा र धुमधामका साथ मनाउने गरिन्छ । छठ, छठि, छठ पूजा विभिन्न नामले पुकारिने गरिन्छ । विशेष कुरा त यो हो कि राष्ट्रिय पर्व छठि राष्ट्रभरि सँगसँगै अन्तर्राष्ट्रिय जगतमा पनि फैलिसकेको छ । अमेरिका, युरोप सबैतिर कात्तिक षष्ठीको दिन छठ माताको महिमाको गुणगान गरिन्छ ।

खासगरि भारतको पटना र नेपालको जनकपुरकमा छठको विशेष पूजा गरिन्छ । यो पर्वमा जनकपुर नगर नयाँ बेहुली जसरी सजेको हुन्छ । गंगासागर, धनुषक्षेत्र, अरगज्जासहित जनकपुरको सबै पोखरी ताल सफा, सुग्घर र निर्मल बनाएको हुन्छ । जुन ठाउँ भगवान सुरूजदेवको अर्घ्य दिने गरिन्छ ।

राजधानीमा पनि बागमतीको पाइला पाइलामा छठ पर्व मनाउने गरिन्छ । राजधानीको पोखरी-नदी भव्यरूपले सजाएको हुन्छ, जहाँ माता छठिको पूजा गरिने गरिन्छ । विनाशकारी भुकम्पपछि रानीपोखरिको मर्मत संभार हुँदै गरेको कारण त्यहाँ अहिले छठ भइरहेको छैन । आशा गरौं छिट्टै मर्मत संभारको प्रक्रिया समाप्त होस् र पुनः रानीपोखरी छठको रंगमा रंगोस् ।

सुख सुकराति दियाबाती  
तकरे छवे छठि

सुकरातिको छैठो दिन कार्तिक शुक्ल चतुर्थीबाट सप्तमीभरि चार दिनसम्म मनाउने गरिन्छ । पहिलो दिनलाई नहाय-खाय भनिन्छ । जुनदिन व्रतधारी ( पवनैतिन)नंग काटि टाउकोबाट नहाएर अरबेअरबानि खाने गर्छन् । दोस्रो दिनलाई खरना भनिन्छ । खरनाको दिन व्रतधारी निर्जल पुरैदिन व्रत बसि रातिमा मिट्ठा ( शक्खर) बाट बनेको खीर-पुरी-रोटीको नैवेद्ध चढाएर सांझपछि प्रसादी खाने गर्छन् । तेस्रो दिन सँझुका अर्घ्य जुन दिन निर्जल बसेर डुबेको सुर्यके अन्तिम किरण प्रत्युशको अर्घ्य दिइन्छ । चौथो दिन जसलाई पारण( परना) भनिन्छ त्यहि दिन उदाउँदै गरेको सूर्यको पहिलो किरण उषाको अर्घ्य दिइन्छ । त्यसपछि छठको समाप्ति हुन्छ र व्रतधारीले प्रसाद खाएर पारन गर्छन् ।

यो महान पर्व धेरै पहिलेदेखि चलिआएको छ । रामायणमा माँ जानकी भगवान रामसँग लंका विजय उपरान्त राम राज्यका लागि उपवास बसेर षष्ठीको सझुका अर्घ्य र सप्तमीको बिहानका अर्घ्य सुरूज देवलाई दिएका थिइन् । महाभारतमा दानवीर कर्ण छातीभरि पानीमा उभिएर सुरूजदेवको अर्घ्य दिने गर्थे भन्ने गरिन्छ । सुरूजदेवको कृपाबाट कर्णमा पाँच पाण्डवको गुण थियो । भगवान कृष्णको आदेशअनुसार द्रोपदी आफ्नो डुबेको राज्यको वापसीका लागि छठ पुजा गरेकी थिइन् । जसबापत उनको मनोकामना पूरा भएको थियो ।

सबै पर्वको आफ्नै खास महत्व र विशेषता हुन्छ । त्यसैगरी छठ माताको महिमा अपार छ । जो पनि यो पुजा निष्ठा र भक्तिको साथ गर्ने गर्छन्, उसलाई मनवांक्षित वर प्राप्त हुन्छ । कोढियाको काँया, अन्धोको आँखा, बहिराको कान, बझिनियाको सन्तान प्राप्ति हुने मान्यता छ ।

सबैभन्दा ठूलो कुरा यो पर्वमा न पंडित न पुरोहितको जरूरी पर्छ । जरूरी पर्छ त परिवारको, समाजको । यो पर्व नरनारी दुवै जना समान रूपले गर्छन् । एउटै पोखरी एउटै घाटमा संयुक्त रूपमा छठ पूजा गरिन्छ । के हिन्दू, के मुस्लिम, के उँच, के निच सबजना छठ माताका सन्तानको सँगै नैवेद्ध एउटै ठाँउमा हुन्छ । छठको गीत गाउने गर्छन् ।

बाटघाट सजिगेल आजु हे  
एलखिन छठि मैयाँ

एउटा अर्को महत्त्वपूर्ण कुरा छठको पुजाको प्रसाद आफ्नो खेतबारीमा उब्जेको अन्न, फलफुल र तरकारी रहिआएको छ । नपकाएर सिंगै बैगन, मुला, कागती, अदुवा, बेसार बाँसले बनाएको सुप, कन्सुप्ती, ढाकीमा चठाउने गरिन्छ ।

ठकुवा र भुसबासँग कुसुही केराव पनि चढाउने चलन रहेको छ । जो कोही दर्शनार्थी दर्शन गर्न आउने गर्छ उनीहरू पनि आफ्नो खोइछा-गम्छा भरेर घर फर्कन्छन् । विवाहित महिलालाई पटमासी र सबै बच्चा-पुरूषलाई ठोप लगाएर व्रतधारीले प्रसाद सबैलाई दिने गर्छन् । महिलाहरू सबैलाई खोइछमा माटोको सरवामा राखिएको प्रसाद दिने गरिन्छ ।

सबै वर्ग, सबै क्षेत्र, सबै समुदायले यो पर्व छठ मनाउने गर्छन् । घरबाट बाहिर पोखरी-तालतलाबमा छठ माताको पुजा गरिन्छ । नर-नारी, नवबुढ सबैजना साथ जलमा उभिएर एउटै अस्ताउँदै र उदाउँदै गरेको सुरूजको विश्वभरि षष्ठी-सप्तमीको दिन अर्घ्य दिने गर्छन् ।

ईश्वर त यो संसारमा एउटा मात्र रहेको छ । भगवान कुनै शास्त्रमा नभएर मानिसको निष्ठामा र श्रद्धामा रहन्छ ।

अन्हराके आँखि कोढियाके कायाँ  
अछि छठि मैयाके अपार  
बझिनियाके कोखिया उगल चान  
मैयाके अछि हृदयस प्रणाम ।

# उपनिर्वाचनपछि राजपाको महाधिवेशन हुन्छ

**तोकिएकै मितिमा राजपाको महाधिवेशन सम्भव देखिएन। अहिले केही प्रक्रियाहरू बाँकी छ। प्रक्रिया पूरा नगरिकन महाधिवेशन हुन सक्दैन। उपनिर्वाचनपश्चात् महाधिवेशन हुन्छ जस्तो लागेको छ। राजपा नेपालको अध्यक्षमण्डलको बैठक आगामी १९ पुनः बोलाइएको छ। सो बैठकले यसको टुंगो लगाउँछ।**



**डा.डिम्पल कुमारी झा**

**प्रदेश २ का भौतिक पूर्वाधार विकास राज्यमन्त्री**

**० भौतिक पूर्वाधार विकास मन्त्रालयले प्रदेश २ मा के-के काम गरेको छ ?**

– हाम्रो मन्त्रालयले प्रदेश २ मा धेरै कामहरू गरेको छ। नेपालमा पहिलो पटक संघीयता लागू भएको छ। हामीलाई संघीय सरकारले सहयोग नगरेकोले हामीले चाहेजतिको काम गर्न सकेका छैनौं। संघीय सरकारले हामीलाई समयमा कर्मचारी नपठाउने जस्ता असहयोगले जति तीव्र गतिमा काम हुनुपर्ने थियो त्यस्तो भएको छैन। तर, हाम्रो स्रोतसाधनले भ्याएसम्म राम्रै कामहरू भएका छन्। हामीले प्रारम्भिक चरणमा मुसहर, डोम, हलखोर र मेस्तरलाई भवन बनाउने काम भौतिक पूर्वाधार विकास मन्त्रालयबाट भएको छ। हाम्रो मन्त्रालयमा अहिलेसम्म चारपटक सचिवको सरूवा भइसकेको छ। यस्तो अवस्था हामी कसरी उल्लेखनीय काम गर्न सक्छौं। जहाँ १० जना इन्जिनियर चाहिन्छ त्यहाँ एक जना मात्र पठाउँछ। त्यसले हामीलाई केन्द्रबाट असहयोग भएकै हो।

**० तपाइँहरू जतिबेला पनि केन्द्रलाई मात्रै दोष देखाउनुहुन्छ। तपाइँहरूसँग प्राप्त स्रोतसाधनको पनि त राम्ररी सदुपयोग गर्न सक्नुभएको छैन भन्ने गुनासो छ नि ?**

– हामीले काम गरिरहेकै छौं। जनताले चाहेअनुसारको काम हुन नसक्दा गुनासो गर्नु जायज नै हो। तर, हामीले किन गर्न सकेनौं भन्ने कुराको पनि विश्लेषण हुनुपर्छ। हामीले चाहिएको समयमा कर्मचारी उपलब्ध हुँदैन, भएका कर्मचारीहरू पनि सरूवा भइरहन्छ। जब दुई/चार महिना भएको हुन्छ सचिवको र उसले त्यहाँको कुरा बुझ्न थालेका हुन्छ कि उसको सरूवा भइहाल्छ। अर्को सचिव आउँदा त्यहीं अवस्था हुन्छ। त्यसैले हाम्रा धेरै अप्ठ्याराहरू छन्। अनि हामीले आफ्नो गुनासो केन्द्रसँग नगरेर कोसँग गर्ने ? जहाँसम्म अनियमितता भएको कुराहरू छन्, यसमा छानबिन हुन्छ।

**० प्रदेश सरकारले आफ्नै कर्मचारी भर्नाका लागि ऐन पनि पारित गरिसकेको छ, यसमा के हुँदैछ ?**

– हामीले आफ्नै कर्मचारी भर्नाका लागि ऐन पारित गरिसक्यौं। यदि केन्द्रले पूर्ति गर्न सक्दैन भने हामीले करारमा भएपनि अब कर्मचारी भर्ना गर्छौं। त्यसको प्रक्रिया अब सुरू हुँदैछ। आफ्नै कर्मचारी भर्ना गरेर प्रदेश सरकारले अब कार्यहरू अगाडि बढाउँछ।

**० प्रदेशको नामाकरण र स्थायी राजधानी टुंगो लगाउन पनि केन्द्रले अवरोध गरेको हो ?**

– प्रदेशको नामाकरण र स्थायी राजधानीसम्बन्धी प्रस्ताव प्रदेशसभामा दर्ता भइसकेको छ। यसको छिट्टै टुंगो लाग्छ। यसको विषयमा धेरै कुरा मिलाउनुपर्ने हुन्छ, त्यो प्रक्रिया जारी छ। अहिले विभिन्न चाँडपर्व भएकोले संसद चलाउने कुरा भएन। प्रदेशसभा सञ्चालन हुने बित्तिकै पहिलो प्राथमिकतामा प्रदेशको नाम, स्थायी राजधानी र कामकाजको भाषा नै हो।

**० तर, प्रदेशको नामाकरण र स्थायी टुंगो लगाउन ढिलो भएन ?**

– ढिलो त भयो तर, अब हामी त्यसमै लागेका छौं। हाम्रो प्रस्ताव टेबुल भइसकेको छ। त्यसमा व्यापक छलफलको आवश्यकता छ। छलफलै नगरिकन टुंगो लगाउने विषय होइन।

**० प्रदेशको नामका लागि प्रदेशसभामा छलफल गर्नुको साटो आयोग किन चाहिएको थियो त ?**

– प्रदेश २ का सबै जनताको भावना र चाहना बुझ्नका लागि प्रदेश सरकारले सम्वाद सुझाव आयोग गठन गरेको थियो। त्यो आयोगले आठवटै जिल्लामा छलफल गरेर जनताको भावना प्रतिबिम्वित गरेको छ। आयोगले आफ्नो प्रतिवेदन सरकारलाई बुझाइसकेको छ। तर, नाम र स्थायी राजधानी टुंगो लगाउनका लागि प्रदेशसभाका सदस्यहरूबीच छलफल भएर नै पारित हुने कुरा हो। आयोगको प्रतिवेदनको आधारमा छलफल गरेर अगाडि बढ्ने हो। त्यो प्रतिवेदनले स्पष्टरूपमा देखाएको छ कि नाम के हुनुपर्ने र स्थायी राजधानी कहाँ।

**० प्रदेश २ का बहुमत जनताको आकांक्षा पहिलादेखि मधेश प्रदेश नै थियो भने संसदमा किन पर्याप्त छलफल भएन ? आयोग नै किन चाहियो ? आखिर आयोगले पनि त त्यहीं परिणाम देखाएको छ नि ?**

– सबैको समय हुन्छ। समयअनुसार नै सबै चीजको टुंगो लाग्छ। तर, पनि हामीले आम जनताको भावना बुझ्नका लागि आयोगको गठन गरिएको थियो। जनताको चाहनाअनुसार नै प्रदेशको नामाकरण गरिनेछ। नामको सन्दर्भमा सर्वसहमतिले भयो भने ठिक्कै छ। होइन भने दुई तिहाइले पास गर्ने प्रक्रिया छ नि। हामीसँग गर्नुपर्ने धेरै कामहरू छन्। नाम र राजधानी टुंगो लगाउने मात्र काम होइन। यहाँका जनतालाई विकासको अनुभूति गराउनु पर्ने पनि प्राथमिकता हो। त्यसैले, हाम्रो इफोर्ट उतातिर पनि लागेको हो। तर, हामीलाई संघीय सरकारले सहयोग गरिरहेको अवस्था छैन। वास्तवमा नाम र स्थायी राजधानी टुंगो लगाउन ढिलो भएकै हो तर, सरकारले कामै गरेको छैन भन्ने कुरा छैन। प्रदेशको अधिकार त दिनुपर्‍यो नि तर, अहिलेसम्म पनि केन्द्रले हाम्रो अधिकार दिन चाहिरहेको छैन।

**० तपाइँहरूले प्रदेशको नाम मधेश प्रदेश प्रस्ताव गर्नुभएको छ तर, नेकपा र कांग्रेसले स्वीकार्ने अवस्था देखिएको छैन नि ?**

– नेकपा र कांग्रेसले मधेश प्रदेश स्वीकार्दैन भन्ने कुरा बाहिर हल्ला मात्रै छ। तर, हामीलाई विश्वास छ उहाँहरूले पनि यसमा सहमत जनाउनु हुन्छ। यदि स्वीकारिएन भने भोटिङ्ग हुन्छ। अहिले नै उहाँहरूले स्वीकार्नु हुन्न भन्ने अवस्था आएको छ। उहाँहरूले छुट्टाछुट्टै प्रस्ताव दर्ता गराउनुभएको छ। पार्टीको आफ्नो धारणा होला तर सांसदको पनि आफ्नो स्वतन्त्रता हुन्छ।

**० तपाइँ राजपा नेपालको केन्द्रीय प्रवक्ता पनि हुनुहुन्छ, राजपाको महाधिवेशन हुन्छ त ?**

– राजपाको महाधिवेशनबारे अन्योलता छैन। राजपा अध्यक्षमण्डलले विभिन्न निर्णयहरू गरेको छ। राजपा नेपाल महाधिवेशन केन्द्रित नै छ। गाउँ, जिल्ला, क्षेत्रीय अधिवेशन गराउनका लागि निर्देशन जारी गरिसकिएको छ। महाधिवेशनकै तयारी स्वरूप यस्तो निर्देशन गरिएको हो। यहीं बीचमा उपनिर्वाचन पनि हुँदैछ, त्यसमा पनि हामी केन्द्रित हुनुपर्ने अवस्था छ। राजपा महाधिवेशनको प्रक्रियामा लागेको छ।

**० तोकिएको मिति कार्तिक २८-३० गतेसम्म महाधिवेशन हुन्छ त ?**

– तोकिएकै मितिमा राजपाको महाधिवेशन सम्भव देखिएन। अहिले केही प्रक्रियाहरू बाँकी छ। प्रक्रिया पूरा नगरिकन महाधिवेशन हुन सक्दैन। उपनिर्वाचनपश्चात् महाधिवेशन हुन्छ जस्तो लागेको छ। राजपा नेपालको अध्यक्षमण्डलको बैठक आगामी १९ पुनः बोलाइएको छ। सो बैठकले यसको टुंगो लगाउँछ।

**० राजपाले समाजवादीसँग एकताको कुरा पनि गरिरहेको छ, एकता गरेर महाधिवेशन हुन्छ कि ?**

– आठ महिना पहिला राजपाले राजेन्द्र महतोको संयोजकत्वमा एकताका लागि वार्ता टोली गठन गरेको थियो, त्यो टोलीले अहिलेसम्म वार्ता गरिरहेकै छ। एकताका लागि अहिलेसम्म के कति प्रगति भयो, मलाई पनि थाहा छैन। मिडियाबाटै विभिन्न कुराहरू थाहा पाइराखेका छौं।

**० पहिला एकता कि महाधिवेशन ?**

– पार्टीले जे निर्णय गर्छ त्यो हामीले मान्नैपर्छ। पहिला एकताको त कुरै भएन नि। आठ महिनादेखि एकताको कुरा भइरहेको छ। उपनिर्वाचनपछि हामी महाधिवेशनमा जान्छौं।

**० राजपाका वार्ता टोली संयोजक राजेन्द्र महतोले सार्वजनिकरूपमै एकता छिट्टै हुने भन्ने दाबी गर्दै आउनुभएको छ नि ?**

– हामीलाई त्यसबारे जानकारी गराउनुभएको छैन। म पनि पार्टीको एउटा पदाधिकारी हुँ।

# उपेन्द्र यादवका कारण मधेशी जनता ठगिँदैछन्

**संविधान संशोधन हुनुपर्छ तर, के-के विषयमा गर्ने भन्ने कुरामा महन्थ ठाकुर, उपेन्द्र यादव, सीके राउत र लक्ष्मण थारू बसेर साझा कुरा ल्याउनुपर्‍यो। आफूमा यिनी मिल्न सकेको अवस्था छैन तर, कुनै एकपक्षले मात्र भनेर राज्यसत्ताले उसको माग पूरा गर्छ त ? कदापि गर्दैन। त्यसैले, उपेन्द्र यादवले यो जुनीमा मात्र होइन अर्को जुनीमा पनि संविधान संशोधन गराउन सक्दैन।**



**गणेश कुमार मण्डल**

**अध्यक्ष, मधेशी नागरिक समाज**

**० मधेशको राजनीतिक दशा र दिशा कुन अवस्थामा छ ?**

– मधेशी जनताका लागि कुनै पनि राजनीतिक दलले राजनीति गरिरहेको छैन। राजनीतिक नेतृत्वहरूमा भ्रष्टाचारको मनोबल एकदम उच्च छ। मधेशी जनताले आफ्नो अधिकार प्राप्तिका लागि आन्दोलनहरू गरेका थिए। तर, नेताहरूले जनताको म्यान्डेडलाई दुरूपयोग गरी राज्यसँग सम्झौता गरेर आफ्नो दुनो सोझ्याए र जनतामाथि शासन गर्न थाले। हिजोका दिनमा राजा, राणा, शासनसत्ता र कांग्रेस-एमालेहरूले शासन गरे। तर अहिले त्योभन्दा पनि चर्कोरूपमा मधेशवादी भनाउँदाहरूले बर्बर किसिमले राजनीति सुरू गरेका छन्। यसको प्रतिकार गर्न जनता अब सचेत भइसकेका छन्।

**० मधेशमा अब वैकल्पिक शक्तिको महसुस हुन थालेको हो ?**

– राजनीतिमा एकपटक मुद्दा उठिसकेपछि त्यो मुद्दा मर्दैन। नेताहरू विचलनमा पर्छन्, राजनीतिक दलहरू एउटा जान्छ, अर्को आउँछ। वैकल्पिक शक्ति जनताले खोजिरहेका छन् तर, यहीं नेताहरूको नेतृत्वमा होइन। यिनीहरूले बारम्बार धोका दिएका छन्। मधेशमा नयाँ युवापिढी, स्वच्छ छवि, पदपैसाको लोभलाभमा नफस्ने बुद्धिजीबी, नागरिक अगुवाहरूको नेतृत्वको खोजी भइरहेको छ। यी पक्षहरूले मधेशमा काम गरिरहेका छन् तर, राजनीति नै गर्ने मनस्थिति बनाइसकेका छैनन्। आवश्यकता परेको बेला यस्ता पक्षहरू मधेशको नेतृत्व लिन पनि सक्छन्।

**० डा.सीके राउत नेतृत्वको पार्टीको भविष्य मधेशमा कस्तो देख्नुहुन्छ ?**

– मधेशका जनता अहिले चार कित्तामा विभाजित छन्। महन्थ ठाकुर-राजेन्द्र महतो, उपेन्द्र यादव, डा.सीके राउत र लक्ष्मण थारूको मोर्चा गरी मधेशमा चार वटा कित्ता अहिले देखिएको छ। यसले गर्दा अधिकार पाउनुभन्दा पाएको अधिकार पनि गुमाउँछ। किनभने शासकवर्गले जहिले पनि एकलाई अर्कोको विरूद्धमा प्रयोग गरिरहेको हुन्छ। त्यसैले, राजनीतिक शक्तिबाट मधेशी जनताको मुक्ति हुँदैन। नागरिक समाज र बुद्धिजीबीहरूको नेतृत्वमा जब थारू, मुस्लिम, दलित, मधेशी, पिछडावर्गका सम्पूर्ण मधेशी संगठित भएर राजनीतिक स्वार्थबाहेकका शक्तिले नेतृत्व दियो भने मात्र मधेशको मुक्ति हुन्छ। होइन भने राजनीतिक दलबाट यो जुनीमा होइन एक सय वर्षपछि पनि हुँदैन।

**० गैरराजनीतिक शक्तिहरू किन अगाडि आइरहेका छैनन् ?**

– नागरिक समाज वा बुद्धिजीबीहरूले राजनीति गर्दैन। तर, हामीले विभाजित जनतालाई एकत्रित गर्न सक्छौं। हामीले बारम्बार भन्दै आएका छौं कि राजपा र समाजवादी मात्रै होइन, सीके राउत र लक्ष्मण थारूसहितको एकता हुनुपर्छ। मधेशका चारवटै पक्ष एक होस् भन्ने प्रयासमा हामी लाग्छौं। चारवटै पक्षलाई एक साथ लिएर मधेशमा जाने ताकत कसैमा छैन। अभिभावकीय भूमिका निर्वाह गर्ने मधेशमा नागरिक समाजबाहेक अरू कोही छैन।

**० अहिले राजपा र समाजवादीको अवस्था कस्तो देख्नुहुन्छ ?**

– अहिले यी दुवै दल जागिर खान गएका छन्। समय अवधि सकिन्छ फेरि मधेशमा नै जान्छ। त्योभन्दा बाहेक अरू केही पनि छैन र केही गर्ने हैसियतमा पनि छैन। उपेन्द्र यादव उपप्रधानमन्त्री छन् तर, क्याबिनेट मिटिङ्गमा उनलाई बोलाउँदैन। उनी उपप्रधानमन्त्री हुँदा पनि त्यस्तो नाजुक अवस्था छ। राजपले सरकारबाट समर्थन फिर्ता लियो, यता राज्यले त्यसको काउन्टरमा सीके राउतलाई मूलधारमा ल्यायो। राजनीतिक दलबाट मधेशको मुक्ति हुँदैन, यो एकदम ध्रूवसत्य हो। जनताले यो कुरा जति ढिलो बुझ्छन्, त्यति नै दासताको अवधि लम्बिँदै जान्छ।

**० तर, समाजवादी पार्टीले त यो सरकारसँग सम्झौता गरेर सरकारमा गएको छ नि ?**

– हेर्नुस्, मधेश समाजवादी पार्टीको ठेक्का होइन। उसले भनेको कुरा सरकारले मान्छ भन्ने पनि छैन। संविधान संशोधनका लागि मधेशका सबै पक्षको एकै श्वर हुनुपर्‍यो नि।

**० संविधान संशोधन गराउनकै लागि उपेन्द्र यादव सरकारमा गएका होइनन् ?**

– पूरै मधेशको ठेकेदारी उनकै हो भन्ने सोच्छन् भने त्यसो नसोच्दा हुन्छ। किनभने केपी ओली र प्रचण्डलाई हामी पनि चिन्दछौं, उपेन्द्र यादवले भन्दैमा सबै कुरा गरिदिन्छन् भन्ने लाग्दैन। सबैको एउटा साझा माग भयो भने जस्तोसुकै मुद्दा सम्बोधन हुनसक्छ।

**० संविधान संशोधन आवश्यक छ कि छैन ?**

– संविधान संशोधन हुनुपर्छ तर, के-के कुरामा गर्ने भन्ने कुरामा महन्थ ठाकुर, उपेन्द्र यादव, सीके राउत र लक्ष्मण थारू बसेर साझा कुरा ल्याउनुपर्‍यो। आफूमा यिनी मिल्न सकेको अवस्था छैन तर, कुनै एकपक्षले मात्र भनेर राज्यसत्ताको उसको माग पूरा गर्छ त ? कदापि गर्दैन। त्यसैले, उपेन्द्र यादवले यो जुनीमा मात्र होइन अर्को जुनीमा पनि संविधान संशोधन गराउन सक्दैन। उपेन्द्र यादवको कारणले गर्दा मधेशी जनता ठगिँदैछन्।

**० मधेशका सबै पक्षलाई एक ठाउँमा ल्याएर सहकार्य गराउने नागरिक समाजको भूमिका के छ त ?**

– नागरिक समाजले जहिले पनि सहमति, सहकार्य र मधेशको एकताका लागि प्रयास गरिरहेकै छ। अन्ततः उहाँहरू यही लाइनमा आउनुपर्छ। हामीले मध्यस्तकर्ताको भूमिका निर्वाह गर्नका लागि पूर्णरूपमा तयार छौं।

**० भनेपछि अहिले मधेशका नागरिक समाज र बुद्धिजीबीहरू तटस्थरूपमा बसिरहेको छ ?**

– नागरिक समाज र बुद्धिजीबीहरू कहिल्यै पनि तटस्थरूपमा बस्दैन। उसले समाजको हकहितका कुराहरू कुनै न कुनै रूपले गरिरहन्छ।

**० राजपा र समाजवादीको एकीकरणको चर्चालाई कसरी हेर्दैहुनुहुन्छ ?**

– यिनीहरू मिलेर गएन भने आगामी चुनावमा जमानत जफत हुने अवस्था आउँदैछ। कोही कतैबाट चुनाव जित्दैन। हिजो ६ वटा पार्टी नमिलेको भए राजपाका नेताहरू चुनाव जित्थ्यो ? जित्दैनथ्यो नि। त्यो पनि कांग्रेस र कम्युनिष्टको मत लिएर जित्नुपर्‍यो। पहिलो कुरा त यिनीहरू मिल्दै मिल्दैन, मिले पनि जित्दैन।

**० यी दुई दलबीच एकता हुँदैन भन्ने तपाइँको ठहर हो ?**

– यिनीहरूबीच एकता त हुँदै हुँदैन नि। एकताको लक्ष्य के हो भन्ने नै स्पष्ट छैन। सधैं चुनाव जितेर नेता बनिरहने यिनीहरूको लक्ष्य हो भनेर जनताले बुझिसकेका छन्। यिनीहरूले के-के कुकर्म गरेका छन् भन्ने कुरा जनताले बुझिसकेका छन्।

**० भनेपछि आगामी निर्वाचनमा राजपा र समाजवादीको अस्तित्व संकटमा छ ?**

– निकै संकटमा छ। आगामी निर्वाचनसम्म त यिनीहरूमध्ये आधाभन्दा बढीलाई मुद्दा लागिसकेको हुन्छ।

**० कांग्रेसका सांसद मो.अफताब आलम प्रकरणलाई कसरी हेर्नुभएको छ ?**

– उनको मुद्दामा राज्यले छानबिन गरिरहेको छ। तर, पीडितले न्याय पाउनुपर्छ। यदि आलम निर्दोष हुन् भने दुःख पाउनु हुँदैन।

**० तर, घटना भएको १२ वर्षपछि बाहिर किन आयो त ?**

– दोषीका लागि वर्ष, भूगोल र जात केही हुँदैन। जतिबेला समयानुकूल हुन्छ, त्यतिखेर त्यो कुरा उजागर हुन्छ।

**० यो घटनासँगै गौर घटनाको पनि चर्चा चलिरहेको छ। यो एउटा षड्यन्त्र हो कि ?**

– त्यतिखेर गौरमा दुईटा मधेशी संस्थाले नै कार्यक्रमको आयोजना गरेको थियो। एउटा मधेशी जनअधिकार फोरम र अर्को मधेशी मुक्ति मोर्चाले। दुइटै गौरमा आमसभा आयोजना गर्ने तय गर्‍यो त्यो नियोजित र षड्यन्त्रपूर्वक थियो। किनभने एकै दिन एकै समयमा र एउटै ठाउँमा कार्यक्रम गर्दैछ भने त्यो त टशल हो नि। दुवै पक्षले किन सहमति गरेर आलोपालो कार्यक्रम गरेन ? एउटै ठाउँमा कार्यक्रमको उद्देश्य के थियो भने त्यतिखेर उपेन्द्र फोरमका अध्यक्ष थिए र अमर यादव रौतहटको जिल्ला अध्यक्ष थिए। आमसभाको तयारी भयो र त्यसपछि उपेन्द्र यादवलाई यहाँबाट बोलाउँदै थियो। तर, उहाँ जान मान्नुभएन। कार्यक्रम स्थगित गर्छु भन्दा पनि मान्नुभएन। ०६२/६३ को आन्दोलनबाट दरबारलाई जनताले साइजमा ल्याइसकेको थियो। दरबारसँग कुनै पनि गोटी बाँकी थिएन। एउटा मात्र आश थियो कि मधेशीले केही गरिदेला भनेर। त्यसको गोटी उपेन्द्र यादव बन्यो। दरबारको डिजाइनमा फोरमको त्यो कार्यक्रम राखिएको थियो। त्यसको उद्देश्य थियो संविधानसभाको चुनाव हुन नदिने। चुनाव नहोस् भनेर त्यो कार्यक्रम फोरमबाट राख्न लगाएको थियो। त्यो वापत उपेन्द्र यादवले केही दानदक्षिणा पनि पाएका थिए। दान दक्षिणा पाइसकेपछि उपेन्द्र यादवले त्यो कार्यक्रम स्थगित गर्न सकेन। त्यसपछि त्यस्तो घटना घट्न गयो र २७ जनाको हत्या भयो। त्यतिबेला पूरै संविधानसभा भाँड्ने डिजाइनको एउटा गोटीको रूपमा प्रयोग भएका थिए। त्यतिखेर मुख छोपेर हिंडिरहेका थिए उपेन्द्र यादव। त्यतिखेर उपेन्द्र किन बच्यो भने भारतको युपीमा मुलायम सिंह र अखिलेश यादवहरू पावरमा थिए। बिहारमा लालु यादव केन्द्रीय मन्त्री थिए। उता शरद यादव केन्द्रमा सांसद थिए। उपेन्द्र यादवसँग उनीहरूको ब्याकअप थियो। आजको दिनमा भारतको त्यो ब्याकअपहरू उपेन्द्र यादवसँग छैन। अहिले यो कुरा मधेशी जनता र कम्युनिष्टहरूले पनि बुझिसकेका छन्। त्यतिखेर शरद यादवले गिरिजाबाबुलाई फोन नै गर्नुभएको थियो कि उपेन्द्रलाई संरक्षण दिनुपर्छ भनेर। तर, आज त्यो अवस्था छैन। त्यसैले, जुन डिजाइनमा मान्छेहरू मरेका छन् त्यसको छानबिन हुनुपर्छ।

**० गौरकाण्डको छानबिन भयो भने त्यसमा उपेन्द्र यादव मुछिने सम्भावना छ ?**

– गौरकाण्डमा फोरमको तत्कालीन अध्यक्षको नाताले उपेन्द्र यादवले त त्यसको जवाफ दिनैपर्छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# तदर्थ समिति गठन गर्न राजपाको निर्देशिका



पार्टीको अधिवेशन नहुन्जेलसम्म पार्टी तथा बर्गीय संगठनहरूको गतिविधिहरू तिव्र, क्रियाशील, प्रभावकारी चुस्त, दुरूस्त र नियमित रूपमा संचालन गर्न अध्यक्ष मण्डलको मिति २०७६ कार्तिक ६ गतेको बैठकबाट यो निर्देशिका बनाइएको छ ।

१. यस निर्देशिका बमोजिम वडा देखि जिल्ला स्तरसम्मका पार्टी समितिहरू सम्मेलन गरि गठन गरिनेछ । साथै यथासम्भव वर्गीय संगठनहरूको तदर्थ समिति गठन गरिनेछ ।

२. तदर्थ समितिहरू निर्माण गर्न वडा सम्मेलन, पालिका सम्मेलन, क्षेत्रीय सम्मेलन र जिल्ला सम्मेलन गरिनेछ ।

३. हरेक तहको सम्मेलनबाट पार्टीको सम्बन्धित तदर्थ समितिहरू तथा आवश्यक र उपयुक्त वर्गीय संगठनहरूको तदर्थ समितिहरू गठन गरिनेछ ।

४. प्रत्येक तहको तदर्थ समिति गठन गर्दा यथासम्भव समावेशीताको आधारमा गर्नुपर्नेछ ।

५. प्रत्येक तहको सम्मेलन गर्दा त्यस तहबाट पार्टीमा रहेको सबै स्तरका नेता तथा कार्यकर्ता सम्बन्धित सम्मेलनमा सम्मेलनको सदस्य नरहे पनि पर्यवेक्षकको रूपमा सहभागि हुन सक्नेछन् ।

६.सम्मेलनमा सहभागिता तथा तदर्थ समिति गठन सम्बन्धी व्यवस्था :

क) वडा सम्मेलन : बडा भित्रका पार्टीका सबै साधारण सदस्यहरू सम्मेलनको सदस्य हुनेछ र उक्त सम्मेलनले वडा तदर्थ समिति गठन गर्नेछ ।

ख) पालिका सम्मेलन : पालिका अनर्तगतका सबै वडा समितिका पदाधिकारी र सदस्यहरू पालिका सम्मेलनका सदस्य हुनेछन् र त्यस सम्मेलनले पालिका तदर्थ समिति गठन गर्नेछ ।

ग) प्रतिनिधिसभा तथा प्रदेशसभा संयुक्त निर्वाचन क्षेत्रीय सम्मेलन :

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र अर्न्तगतका सबै वडा समितिका पदाधिकारी तथा सदस्यहरू यस संयुक्त सम्मेलनका सदस्य हुनेछ र उक्त सम्मेलनले प्रदेश तर्फका वडाले प्रदेश सभा निर्वाचन क्षेत्रिय तदर्थ समिति र दवै तर्फका बहा मिलि प्रतिनिधि सभा निर्वाचन क्षेत्रिय तदर्थ समिति गठन गर्नेछ ।

घ) जिल्ला सम्मेलन : जिल्ला अन्तर्गतका प्रतिनिधिसभा निर्वाचन क्षेत्रिय समितिका सबै पदाधिकारी र सदस्यहरू यस सम्मेलनका सदस्य हुनेछ र उक्त सम्मेलनले जिल्ला तदर्थ समिति गठन गर्नेछ ।

७. कुनै पनि तल्लो निकायका समितिका पदाधिकारी माथिल्लो निकायको समितिमा जान पाउने छैन तर सम्मेलनको सदस्यको रूपमा भाग लिन सक्नेछ । माथिल्लो निकायको पदाधिकारी या सदस्यमा गइ सकेका सदस्य तल्लो तहमा स्वत: सदस्य नरहेको मानिनेछ ।

८. वर्गीय संगठनको हकमा सबै तहमा यथा सम्भव तदर्थ समितिहरू गठन गर्न सकिनेछ ।

९. सम्मेलनको लागि केन्द्रबाट प्रत्येक जिल्लामा केन्द्रीय पर्यवेक्षक खटाइनेछ तथा पर्यवेक्षकहरूले जिल्ला भरिको सम्मेलनको रेखदेख गर्ने, क्षेत्रिय सम्मेलनको केन्द्र तोक्ने र जिल्ला भरिको रेकर्ड केन्द्रमा बुझाउनुपर्नेछ ।

१०. सम्मेलन गर्दा गत स्थानीय निर्वाचनमा पार्टीको तर्फ बाट वडा, पालिका र संसदीय निर्वाचन क्षेत्रहरूका उम्मेदवारहरूले सम्मेलनको अध्यक्षता गर्ने र पार्टीका उक्त निकायहरूमा उम्मेदवार नरहेको अवस्थामा वा चुनावमा भाग नलिएको अवस्थामा त्यहाँ उपस्थित पार्टीका सबै भन्दा बरिष्ठ पदाधिकारी वा सदस्यले अध्यक्षता गर्नेछ तर पालिकाको हकमा हाल प्रमुखको उम्मेदवार नरहेको अवस्थामा उप-प्रमुखले अध्यक्षता गर्नेछ र त्यहाँ गठन भएका सबै तदर्थ समितिहरूको रेकर्ड अध्यक्षता गर्ने नेताले केन्द्रिय पर्यवेक्षकलाई बुझाउनुपर्नेछ ।

११. सम्मेलन स्थलको लागि वडाको हकमा वडाको केन्द्रमा, पालिकाको हकमा पालिकाको केन्द्रमा

प्रतिनिधि सभा र प्रदेश सभाको संयुक्त क्षेत्रीय सम्मेलनको हकमा जिल्ला तयारी बैठकको सल्लाहमा केन्द्रिय पर्यवेक्षकले तोकेको स्थानहरूमा र जिल्लाको हकमा जिल्ला सदर मुकाममा सम्मेलनहरू हुनेछ ।

१२. सम्मेलन गर्दा उपस्थित सबै सहभागीहरूको फोन नम्बर सहितको उपस्थिति बनाउने र सो रेकर्ड पनि केन्द्रिय पर्यवेक्षक मार्फत केन्द्रमा बुझाउनुपर्नेछ ।

१३. सम्मेलनको कार्यक्रमबारे स्थानीय संचार माध्यम, पर्चा, पम्प्लेट तथा टेलिफोन समेतको माध्यमबाट विभिन्न तयारी बैठक समेत गरी सबै कार्यक्रमहरूको सम्बन्धमा व्यापक रूपमा प्रचार प्रसार गरिनेछ ।

१४. कुनै पनि विषयमा उपस्थित सदस्यहरूको सर्वसम्मती हुन नसके बहुमत सदस्यहरूको बिचारबाट निर्णय गरिनेछ ।

१५. सम्मेलनको घोषित मिति परिवर्तन हुने छैनासाथै कुनै पनि नेताको अनुपस्थितिको कारणले सम्मेलन स्थगित हुने छैन ।

१६. सम्मेलनमा पार्टीका सबै नेता, कार्यकर्ताहरू आ-आफ्ना वडामा तथा यस निर्देशिकाले निर्धारण गरे अनुसार पालिका, क्षेत्रीय तथा जिल्ला सम्मेलनहरूमा अनिर्वाय रूपमा सहभागी हुनुपर्नेछ ।

१७.सम्मेलनमा कसैले कुनै निणर्य वा विषयमा असहमति गरेमा वा सुझाव दिन चाहेमा लिखित रूपमा

दिन सक्नेछन् ।

१८. सम्मेलन तयारी बैठक : जिल्लाहरूमा जिल्ला भरीका सबै नेता कार्यकर्ताहरूको विस्तारित बैठक

कार्तिक १९ गतेको दिन जिल्ला अध्यक्ष मण्डलद्वारा अनिवार्य रूपमा आयोजना गरी तदर्थ समिति गठन हेतु वार्ड सम्मेलन देखी जिल्ला सम्मेलनसम्मको कार्यक्रमबारे व्यापक रूपमा प्रचार गरी गराई सम्मेलनहरू सम्पन्न गराउन सम्मेलन तयारी बैठकको आयोजना गरिनेछ ।

१९. सम्मेलनमा सहभागी हुनेहरू अनिवार्य रूपमा पार्टीको सदस्य हुनुपर्नेछ । सहभागिहरूको हकमा सम्मेलन स्थलमा समेत सदस्यता लिन सक्नेछ ।

२०. जिल्ला सम्मेलनमा तत्कालिन ६ पार्टीका जिल्ला कार्यसमितिमा रहेका सदस्यहरूलाई अनिवार्य रूपमा उपस्थितिको लागि जानकारी गराउनुपर्नेछ ।

२१. पार्टी तथा वर्गीय संगठनहरूको तदर्थ समितिहरूको संरचना निम्न बमोजिम हुनेछ :

क. अध्यक्ष-१
ख.बरिष्ठ नेता -आवश्यकता अनुसार
ग. वरिष्ठ उपाध्यक्ष-आवश्यकता अनुसार
घ.उपाध्यक्ष -आवश्यकता अनुसार
ङ. सचिव - आवश्यकता अनुसार
च. प्रचार सचिव -आवश्यकता अनुसार
छ. कोषाध्यक्ष-१
ज. सहसचिव-आवश्यकता अनुसार
झ. सदस्य - आवश्यकता अनुसार
ञ. सल्लाहकार-आवश्यकता अनुसार

२२. क. सम्मेलन तैयारी बैठक - कार्तिक १९ गते

ख.सबै वडा सम्मेलन - २०७६ कार्तिक २४ गते

ग. सबै पालिका सम्मेलन - २०७६ कार्तिक २६ गते

घ. सबै क्षेत्रीय सम्मेलन - २०७६ कार्तिक २८ गते

ङ. सबै जिल्ला सम्मेलन - २०७४ कार्तिक ३० गते

## मधेश अपडेट

### विकासका समेत खुट्टा तान्ने प्रबृत्ति हाबी : यादव

सिरहा । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलका सदस्य राजकिशोर यादवले विकास निर्माणका सवालमा समेत जनप्रतिनिधिहरू मिल्न नसकेको टिप्पणी गरेका छन् । सिरहाको मिर्चैयामा शुक्रबार ज्येष्ठ नागरिक हकहित समाजले गरेको दीपावली तथा छठ पर्वको शुभकामना आदानप्रदान कार्यक्रममा नेता यादवले एउटा पार्टीका जनप्रतिनिधिले अर्को पार्टीका जनप्रतिनिधिसँग बोल्नसमेत नचाहने प्रबृत्ति हाबी भएकाले विकासको कामले गति लिन नसकेको बताए । उनले जनप्रतिनिधिहरूले चुनाव जितिसकेपछि पार्टीको नभएर समाजको विषयमा सोच्नुपर्ने सुझाव दिए । कुनै पनि क्षेत्र वा स्थानमा एउटा पार्टीका जनप्रतिनिधिले गर्न लागेको काममा अर्कोले खुट्टा तान्ने मानसिकता नहटेसम्म मधेशको सामाजिक र आर्थिक रूपान्तरण हुन नसक्ने पनि बताए । नेता यादवले आफ्नै सन्तान तथा घरपरिवारबाट ज्येष्ठ नागरिकहरू अपहेलित भइरहेको प्रति पनि चिन्ता व्यक्त गरे । प्रतिनिधिसभाका सांसद्समेत रहेका नेता यादवले सिरहाको मिर्चैया नगरपालिकामा ट्रमा सेन्टर स्थापना गर्ने प्रतिबद्धतासमेत जनाए । उनले यसका लागि रकम उपलब्ध गराउने प्रतिबद्धता जनाए पछि मिर्चैयाकै राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता भोला साहले यसका लागि दुई बिगहा जमिन उपलब्ध गराइदिने बाचा गरे । कार्यक्रममा उद्योग, वन, पर्यटन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले ज्येष्ठ नागरिकको हितका लागि प्रदेश २ सरकार प्रतिबद्ध रहेको बताए । उनले विभिन्न स्थानमा क्लोथ बैंकको स्थापना भइरहेको भन्दै मिर्चैयामा यो बैंकको खाँचो रहेकोसमेत बताए । त्यस्तै, राजपाका केन्द्रीय उपाध्यक्ष रामकुमार मण्डलले भौतिक तथा आर्थिक रूपमा सम्पन्न रहेका ज्येष्ठ नागरिकहरूले आफ्ना सन्तानबाट स्नेह पाउन नसकेको बताए । त्यसैगरी, प्रदेश सांसद् दीलिप साहले समाजमा नैतिक शिक्षाको आवश्यकतामाथि जोड दिए । कार्यक्रममा ज्येष्ठ नागरिकहरूले वृद्धाश्रम भवन निर्माणका लागि सहयोग गरिदिन जनप्रतिनिधिहरूसँग आग्रह गरेका थिए । कार्यक्रममा नेकपाका नेता जिवछ साह, राप्रपाका नेता भोला साह, ज्येष्ठ नागरिक हकहित समाजका अध्यक्ष राधाकृष्ण साह, सचिव राजेन्द्र साह, वडा अध्यक्ष ललन साह, शिक्षक जनार्दन न्यौपाने, समाजसेवी, बुद्धिजीवीलगायतको सहभागिता थियो ।

### सर्वसत्ता लाद्ने सरकारको षड्यन्त्र : ढुंगाना

रौतहट । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्व संगठन विभागका प्रमुख आनन्द प्रसाद ढुंगनाले सरकार मुलुकमा सर्वसत्ता एकात्मक सत्ता लाद्न खोजेको बताएका छन् । प्रजातन्त्र र नेपाली कांग्रेसलाइ सफाई गरेर आफ्नो प्रभुताको निमित एकात्मक सत्ता स्थापना गर्ने खोजेकोले यो असंभव रहेको दावी गरे । राजपुरमा भएको बम काण्डको आरोपमा पक्राउ परेका रौतहट निर्वाचन क्षेत्र नम्बर २ का निवर्तमान सांसद मोहमद आफताव आलमको विषयमा सत्य तथ्य बुझनको लागि रौतहट आउनु भएका ढुंगनाले गौरमा संचारकर्मीहरू सित कुराकानी गर्दै २०१६ साल देखि मुलुकमा प्रजातन्त्र स्थापनको निमित पुरै परिवार सहित देश र जनताको सेवामा समर्पित रहेका परिवारको आलमले यस्तो घटना गैर्न सक्छ भने विश्वास नरहेको बताए । आलमलाइ झूठो साजिसमा सरकारले फसाएको भए पनि कानूनले न्याय दिनेमा कांग्रेस पूर्ण रूपमा विश्वस्त रहेको जनाए । कंचनपुरमा भएको निर्मला पन्तको घटनामा सत्य तथ्य पत्ता लगाउन असमर्थ भएको सरकारले १२ वर्ष पुरानो मुद्दामा कस्तो अनुसन्धान गर्छ भनी हेरी रहेको बताए ।

### ब्रतालुहरूलाई साडी तथा पिठो वितरण

वीरगन्ज । पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदिप यादवले छठ पर्वका व्रतालुहरूलाई साडी तथा पिठो वितरण गरेका छन् । उनले सामुदायगत परम्परा कायम राख्न एक अर्काप्रति श्रदासुमन हुन जरूरी रहेको बताएका छन् । हिन्दूले मुस्लिम, मुस्लिमले हिन्दू, त्यसैगरी सिक, ईसाई र विभिन्न जातजातीको पर्व एकअर्काले मनाउँदा सास्कृतिक विस्तार हुने बताएका हुन् । उनले सदियौं देखि बस्दै आएको एक अर्काको भाईचारा हुन जरूरी रहेको बताए । वीरगंज महानगरपालिकाको वडा नं. ३१ बेल्वाको कोन्हिया दलित बस्ती, लक्ष्मीपुर, कटगेनवा र मिलन चोकमा रूगंटा वेलफेयर सोसाइटीको सहयोगमा साडी तथा पिठो वितरण गर्दै उनले सम्पन्नताले अपुगलाई सहयोग गरे समाज सृद्धढ हुदैं जाने बताए ।

### एकीकृत भन्सार जाँचचौकी अन्तिम चरणमा

विराटनगर । विराटनगरको एकीकृत भन्सार जाँच चौकी(आईसीपी) निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । भारततर्फको संरचना तयार भई संचालनमा आईसकेको छ । नेपालतर्फ बल्ल तयार भएको छ । प्रतिछाँयाको रूपमा नेपालतर्फसमेत निर्माण गरी एकै पटक सञ्चालनमा ल्याइनु पर्ने नेपाल-भारत सरकारबीच सहमति भएपनि नेपाली पक्षकै कमजोरीका कारण नेपालतर्फ भने काममा ढिलासुस्ती भएको थियो ।भन्सार चौकीमा कार्गो भवन, यात्रु टर्मिनल भवन, मुद्रा सटही सुविधा, इन्टरनेट, वेयरहाउस, कोल्ड स्टोरेज, क्वारेन्टाइन, क्लियरिङ एजेन्ट, सिसिटिभी, पार्किङ, रेस्टुरेन्ट, बैंक र अन्य सार्वजनिक सुविधाको व्यवस्था गरिएको छ । इलेक्ट्रिक सब स्टेशन, वे ब्रिजलगायत सुविधा उपलब्ध छन् । नेपाल-भारतबीच सन् २००९ मा सीमा नाकामा दुरूस्तै प्रकृतिको भौतिक पूर्वाधारसहितको भन्सार चौकी निर्माण गर्ने सहमति भएको हो । विराटनगर, वीरगञ्ज, नेपालगञ्ज र भैरहवामा पनि चौकी निर्माण भएका छन् । आईसीपीको भौतिक संरचना निर्माण गर्ने दायित्व भारतको हुने सम्झौता थियो । सोहीअनुरूप विराटनगरमा नेपालतर्फको जाँच चौकी संरचनाका लागि भारतीय पक्षले १ अर्ब ३१ करोडको लागत लाग्ने अनुमान गरेको थियो ।




# जलवायु अनुकुलित सुधारिएको बाख्राको खोर प्रविधि



डा. श्रीभगवान ठाकुर



**परिचय:**
नेपालमा धेरैजसो कृषकहरूको जीविकोपार्जन पशुपालनमा निर्भर रहेको छ। विशेष गरी तराई र पहाडमा गरीब कृषकहरू ३ देखि ४ वटा बोका बाख्राहरू पालेर गरी जीविका चलाई रहेका हुन्छ। तिनीहरूले बोकालाई खसी बनाएर, तथा पाठापाठी बिक्रीगरी आफ्नो गर्जो टार्ने गर्दछ। बाख्रालाई गरीवको गाई पनि भनिन्छ। तराई मधेशमा बाख्राहरू प्राय:खुल्ला चरीचरणमा, परम्परागत तथा अव्यवस्थित तरीकाले पालनगर्दा नश्लको क्षमता अनुसार उत्पादन लिन सकि रहेको अवस्था छैन। परम्परागत तरीकाको बाख्राको खोरमा चिसो, घाम, वर्षा, छाँया, हावा, प्रकाशको समुचित व्यस्थापन नभएकोले बाख्रालाई थप तनाव हुनगई बाख्राको उत्पादन घट्नुका साथै रोग व्याधिबाट समेत ग्रसितहुने गरेका छन्। प्राय: तराई मधेशमा बाख्रालाई बर्षा र शितलहरीले विभिन्न किसिमका रोगहरू लागेर मृत्यू हुने गर्दछन्। यस परिप्रेक्ष्यमा बाख्राको खोर सुधार गरी जलवायु समानूकुलित खोरनिर्माण अति आवश्यक रहेको छ। बाख्राको खोर बनाउँदा जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकूलन हुने समेत देखिएको छ।

**महत्व:**
बाख्राको खोर सुधार गर्दा जलवायु परिवर्तनको असर न्यून गर्न सकिन्छ। बाख्राको उत्पादनका महत्वपूर्ण ४ खम्बाहरू (खोर, नश्ल, आहारा र स्वास्थ्य) मध्ये खोर व्यवस्थापन प्रमुख हुन्। परम्परागत खोर अँध्यारो, सूर्यको प्रकाश नपर्ने, चिसो भएकोले उपियाँ, जुम्रा, तथा सुलसुले जस्ता बाह्य परजिवीको आक्रमण तिब्र हुनुका साथै संक्रामक रोगका जीवाणु, विषाणु तथा ढुसीको बृद्धिविकास तिब्र भई बाख्राहरू विरामीभई रहन्छ। हावा नखेल्ने खोर बाफिलो, दिसा पिसावले दुर्गन्धित र चिसो हुने भएकोले श्वास प्रश्वास संबन्धि रोग (निमोनिया) ले बाख्राहरू विरामी पर्ने गर्दछन्। सूर्यको प्रकाशले रोगका जीवाणुहरू नष्ट हुनुका साथै पशुको शरीरमा विभिन्न प्रकारका भिटामिनहरूको निर्माण हुन्छ। खोरसुधारले बाख्राको सोत्तर, बडकौला र मूत्र व्यवस्थापन हुने र घाम, पानी, चिसो, हावाहुरी, वर्षा, असिना जस्ता तनावलाई घटाई र मौसमी तनावले हुन जाने रोगव्याधिमा कमी हुन्छ। यसबाट घाँस तथा दानाको उपभोगमा वृद्धि हने र आहारको प्रभावकारीता बढ्ने हुन्छ। फल:स्वरूप बाख्राको उत्पादनमा वृद्धि गर्न सकिन्छ।

**ठाउँको छनौट:**
खोर ओभानो, सुखा तथा पानी नजम्ने खालको उच्च, समथर र कम्तीमा दिनमा ५-६ घण्टा सूर्यको प्रकास पर्ने, जोडसँग हावा नचल्ने तर हावाको आवागमन राम्रो भएको ठाउँको छनौट गर्नु पर्दछ।

**खोरको लागि आवश्यक क्षेत्रफल:**
सुधारिएको खोरको आवश्यक लम्बाई चौडाई तथा उँचाईको विवरण तल उल्लेख गरिएको छ।

खोरको लागि आवश्यक क्षेत्रफल (वर्गफिटमा)

| बाख्रा | आवश्यक पर्ने खोर भित्रको प्रतिबाख्रा | बाहिर बस्ने ठाउँ प्रति बाख्रा |
|---|---|---|
| पाठापाठी (३ महिनाभन्दाकम) | १.५५देखि २ | १० |
| हर्केला (१२ महिनासम्म) | २.५५देखि ३.३३ | |
| माउ (भाले) | ४.२० देखि ५ | |
| माउ (ब्याउने) | ५ देखि ६.६६ | |
| बोकाप्रजनन | १०देखि १३.३३ | |

**सुधारिएको खोरको नमूना**
खोर निर्माण गर्दा प्रति वयस्क बाख्राको लागि सरदर ६ वर्ग फिट ठाउँको आवश्यक्ता पर्दछ। खोरमा स्थानीय सामग्रीहरू काठ बाँसहरू प्रयोग गर्नु पर्दछ। खोर निर्माण गर्दा पहाडमा दक्षिण वा पूर्व र तराई मधेशमा उत्तर पश्चिम मोहडा पारी बनाउनु पर्दछ। खोर बनाउँदा चित्रमा देखाए अनुसार जमीनबाट ३ फिटको उचाईमा, ७ फिट लम्बाई र ६ फिट चौडाईको खोर बनाउदा सुहाउँदो हुन्छ।

**खोरको भूईंक्षेत्र निर्माण विधि:**
खोरको भूँईक्षेत्र कडा, पानी नजम्ने र सफा गर्न सजिलो हुने ढंगबाट निर्माण गर्नु पर्दछ। त्यसको लागि सेमेन्ट, गिटिबाट ढलान गरेर वा ईटा छपाएर वा ढूँगा छपाएर वा चिम्टयाईलो माटोले खोरको भूईनिर्माण गर्नु पर्दछ। खोरको भूँईक्षेत्र निर्माण गर्दा निकाशतर्फ ३ प्रतिशतको भिरालो बनाएर पाईपको माध्ययमले पिसाव जम्मा हुने खाल्डोमा पुर्याउनु पर्दछ। जस्ले गर्दा भुई सफा हुनुका साथै मिथेन ग्यासको उत्सर्जन भई दुर्गन्ध हुदैंन।

**खोरको टाँण निर्माण विधि:**
खोरको टाँड बनाउँदा आधा ईन्चको फरकमा काठको २ ईन्च चौडाई र आधा ईन्च मोटाईको फल्याक वा बाँसको भाटा बनाई किलाले ठोक्नु पर्दछ। यस्तो टाँड बनाई बाख्रापालन गरेमा कक्सिडियोसिस तथा फिते जुका कमलाग्ने गर्दछ। साथै १०-२० प्रतिशत मृत्यूदर घटेको पाईएको छ। गर्मीको तनाव घटाएर जिउँदो वजन ६०-७० ग्राम देखि ७८-८६ ग्राम प्रतिदिन बढोतरी हुन सक्दछ।

**खोरको छाना निर्माण:**
छाना बलियो टिकाउ पानी नचुहिने, तापक्रमको कुचालक तथा आकर्षक हुनु पर्दछ। छाना पानी नथामिने भिरालो हुनु पर्दछ। स्थान र मौसम अनुसार छाना १२ देखि ३५ डिग्रीसम्म भिरालो हुन सक्दछ। छाना खर तथा २५-२६गेजको वा ०.३२ एम.एम. जी. आई. जस्ताको हुनु पर्दछ। भिरालो छाना भएको खोरमा अग्लो भागतिर पर्खालको उँचाई ६ देखि ६.५फिट र बलेनीतिर ५ फिट उचाईको पर्खाल बनाउनु पर्दछ। गर्मीबाट बचाउन सकभर खरको छाना प्रयोग गर्न् पर्दछ अथ्वा जस्ता पाताका छाना भए माथिबाट खर १ईन्च बाक्लो गरी खर ओछ्याउनु पर्दछ। बढी तापक्रम हुने स्थानमा अर्धसधन विधि अर्थात आधाखुल्ला आधाबन्द विधिवाट बाख्रापाल्नु पर्दछ।



**पर्खाल क्षेत्र र भेन्टिलेशन:**
खोरको पर्खाल मजबुत अर्थात बलियो हुनु पर्दछ। छेउको पर्खालमा ५ फिटसम्म काठको फल्याक वा बाँसको टाटी लगाएर माथि बाँकी भाग हावा आवागमनका लागी जाली वा सानो झयाल लगाउनु पर्दछ। पर्खाल बनाउन समस्या भए जस्ता पाताले घेरेको हुनु पर्दछ। चित्रमा देखाए अनुसार अग्लो पर्खालपट्टि १.५ फिटको लम्बाई चौडाईको पूर्व दक्षिण तिर भेन्टिलेशनको लागि झयाल बनाउनु पर्दछ। उच्च पहाडमा बाख्राको खोरलाई अग्लो बनाउनु हुदैंन। जाडोयाममा चिसोबाट बचाउन चित्रमा देखाए जस्तै ज्टको बोरा वा प्लाष्टिकले खोरलाई राती ढाक्नु पर्दछ र दिनमा घाम परेको बेला दोबारेर खोल्नु पर्दछ। गर्मीयाममातातो हुननदिनझयालतथा भेन्टिलेशनखोलेर राख्नु पर्दछ।

**खोरको ढोका:**



खोर बनाउँदा ५ फिट फराकिलो र ३.३३ फिट उँचाईको ढोका बनाउनु पर्दछ। ढोका काठ वाबाँसको भरयाङ्ग हुने किसिमको माथिबन्द गर्ने खालको बनाउनु पर्दछ।

**घाँस झुन्ड्याउने विधि:**
खोर बनाउँदा खोर भित्र बीचमा ३.३३ मिटर उचाई भएको बाँस वा काठको लठीको क्रस गरी घाँस राख्ने टाट्नो जस्तो बनाएर घाँस राखी खुवाउनु पर्दछ वा स्थानीय बुनेको जुट वा प्लाष्टिकको ठुलो प्वालभएको जालीमा राखी घाँस खुवाउनु पर्दछ जसले घाँस खेर नगई बढी सदुपयोग हुन्छ।

**पानीको व्यवस्थापन:**
बाख्राको लागि सफा, गन्ध नभएको, आरसेनिक नभएको पानी खुवाउनु पर्दछ।

**मल राख्ने खाडल:**
एक वयस्क बाख्रोबाट प्रतिवर्ष १३८ किलोसम्म बडकौला मल प्राप्त हुन्छ। बडकौलामा भएको पोषक तत्वलाई बचाउन, मिथेन ग्याँसको उत्सर्जन न्यून गर्न तथा दुर्गन्ध आउन नदिन खोरभन्दा अलि टाढा मल राख्नु पर्दछ। १० फिटलम्बाई ३.३३ फिट चौडाई र ३.३३ फिट गहिराईको खाल्डो बनाउनु पर्दछ। प्रति घन



मिटर खाल्डोमा ७०० देखि १००० किलोसम्म अटाउँछ। अमोनिया तथा मिथेन ग्याँस उत्सर्जन हुन नदिन हप्ताको दुई पटक खोरमूनिबाट बडकौला तथा पिसाव सफा गरी खाल्डोमा राख्नु पर्दछ।

**चुना छर्किने:**
बाखामा लाग्ने विभिन्न रोग तथा कीरालाई व्यवस्थापन गर्न खोरको टाँडमा हप्ताको एक पटक चुन पाउडर छर्नु पर्दछ।

**निश्कर्ष**: जलवायु परिवर्तनले बाख्राको उत्पादन र उत्पादकत्वमा प्रत्यक्ष असर पारी उचित लाभ नभएको अवस्थामा दिगो कृषि तथा कृषक पेशालाई मर्यादित बनाउन प्रादेशिक सरकार एवं स्थानीय तह गाउँपालिका र नगर पालिकाले बाख्राको गोठ सुधारमा उचित रकम विनियोजन गरी गाउँघर सरसफाईका साथै कृषकहरूको आम्दानीमा बृद्धि गर्न सकिन्छ।

## संक्षिप्त समाचार

### नेपाल सम्वत् मनाइयो

विराटनगर। नेपाल सम्वत ११४० (न्हुँ दँया भिंतुना) को अवसर पारेर झि:पुच विराटनगरमा विविध कार्यक्रम आयोजना गरिएको छ। विराटनगर-१० बंगलामुखी मार्गस्थित झि पुच: भवनमा सोमबार एक भव्य समारोहको बिच विभिन्न क्षेत्रका ६ जनालाई सम्मान गरेको हो। झि पुच: ले जेष्ठ नागरिक (थकालि) बाट विराटनगरका ८२ वर्षिय नारयण बहादुर श्रेष्ठ र (नाकी) सम्मानबाट विराटनगरकै ८६ वर्षिय सावित्री देवी तुलाधरलाई सम्मान गरिएको हो। यस्तै पत्रकारीताको क्षेत्रबाट अनिल श्रेष्ठ, साहित्यकारको क्षेत्रबाट सरिता तुलाधर र मिस नेवा कोशीका बिजेता रस्मिता उदासलाई सम्मान गरिएको थियो।

### हाजिरी जवाफ एवम् विज्ञान प्रतियोगिता

वीरगन्ज। पर्साको श्री जिल्ला उच्चाडल प्राबिधिक माध्यमिक विद्यालयमा हाजिरी जवाफ एवम् विज्ञान प्रतियोगिता सम्पन्न भएको छ। विभिन्न ८ वटा समूहमा विद्यार्थी समूहमा हाजिरी जवाफमा प्रथम स्थान पोखरिया मा.वि., दोस्रो स्थान रामचरित्र मा.वि. पकहा त्यसैगरी विज्ञान प्रतियोगितामा कन्या मा.बि विन्चीवर्वा, दोस्रो स्थान माइस्थान मा.बि वीरगंज, तेसो दिव्य कन्या मा.बि बिन्चीवर्वा भएका छन्। विद्यार्थीहरूलाई प्रमाणपत्र एवम् पुरस्कार वितरण गरिएको छ। सो कार्यक्रम पोखरिया नगरपालिका नगर प्रमुख दिपनारायण रौनियार, उपप्रमुख सलमा खातुन, पोखरिया मा.वि प्रधानाध्यापक ब्यास चौहान, मुकेश ठाकुर, विनोद चौहान, वडा अध्यक्ष लक्ष्मण साह सो कार्यक्रमको आयोजक पर्सा बारा रौतहट इन्जिनियर समूह रहेको थियो।

### फुल उत्पादन नहुँदा समस्या

कपिलवस्तु। कपिलवस्तुका विभिन्न सहरहरूमा मखमली र सयपत्रीको फुल अभाव भएसँगै तिहार तथा छठ पूजाका लागि विभिन्न किसिमका प्लाष्टिकको मालाले पसलहरू भरिभराउ भएका छन्। लगाउन तथा पुजाआजाको लागि फुलको अभाव भएसँगै भारतबाट आयातित कृत्रिम मालाको व्यापार बढेको छ। सदरमुकाम तौलिहवा, प्रमुख व्यापारिक केन्द्र कृष्णनगर, चन्द्रौटा, गोरूसिंगे र जितपुर बजार प्लाष्टिकककका मालाले भरिएका थिए। किन्नेहरूको उस्तै घुँईचो थियो। स्थानीय स्तरमा फुल उत्पादन हुन नसक्दा यस्तो समस्या देखिएको हो।, बाहिरबाट ल्याउँदा महँगो पर्ने भएकाले फुलको मालाको अभाव भएको हो।

### मन्त्री सोनलद्वारा शुभकामना आदान-प्रदान

वीरगंज। शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा प्रदेश नं २ का भौतिक पूर्वाधार विकासमन्त्री तथा प्रदेशसभामा राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका संसदीय दलका नेता जितेन्द्र सोनलद्वारा परवानीपुर स्थित उनका निवासमा शुभकामना आदान प्रदान तथा चिया पानको कार्यक्रम गरेका छन्। शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा शुभकामना आदान प्रदान कार्यक्रममा विभिन्न राजनितिक दलका नेता तथा कार्यकर्ता, समाज सेवी र उनका गाउँघरका छिमेकीहरू लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

### फोनिज सुदूरपश्चिममा भीम चौधरी

धनगढी। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) सुदूरपश्चिम प्रदेशको अध्यक्षमा भीम चौधरी चयन भएका छन्। विहीबार धनगढीमा भएको प्रथम अधिवेशनबाट अध्यक्षमा भीम चौधरी सर्वसम्मत चयन भएका हुन्। यसैगरी, उपाध्यक्षमा किशोर तामाङ, महिला उपाध्यक्षमा चन्द्रीका चौधरी, महासचिवमा धनबहादुर कुस्मी, सचिवमा रञ्जित लामा र सुधराम दहित तथा कोषाध्यक्षमा बलराम चौधरी चयन भएका छन्। त्यस्तै सदस्यमा दिनेश चौधरी, सुमिरन चौधरी, हरि चौधरी र नरेन्द्र चौधरी सर्वसम्मत चयन भएका छन्।

### आगलागीमा परी बालकको मृत्यु

विराटनगर। दिपावलीको साँझ मोरङका बिभिन्न स्थानमा भएको आगलागीमा एक जनाको ज्यान गएको छ। मोरङको पथरी शनिश्चरे नगरपालिका वडा नम्बर ५ कोठेबारीका युवराज गिरीको घरमा आगलागी हुँदा उनका छोराको ज्यान गएको हो। दिपावली गर्ने क्रममा आगलागी हुँदा भएको आगलागीमा घर भित्र सुतिरहेको अबस्थामा युवराजका छोरा बर्ष ४ का युसन गिरीको ज्यान गएको हो। आगलागीबाट ६० हजार नगद, सुन, चाँदी, लत्ता कपडा समेत जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

### श्रीमानको हत्या गर्ने श्रीमती पक्राउ

रौतहट। जिल्ला प्रहरी कार्यालय रौतहटले आफ्नै श्रीमानको हत्या गर्ने श्रीमतीलाई पक्राउ गरेको छ। रौतहटको गौर नगरपालिका वडा नं. ५ कोइरीटोल बस्ने जरिना खातुनलाई श्रीमान हत्या गरेको आरोपमा बिहीबार रौतहट प्रहरीले पक्राउ गरेका छन्। श्रीमती जरिनाले गत कार्तिक ४ गते आफ्नै श्रीमान ३५ वर्षीय इस्लाम अंसारीको हत्या गरेको अनुसन्धानमा खुलेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायव उपरीक्षक नबिन कार्कीले जनाएकाका छन्। मृतक अन्सारीले अत्याधिक मादक पदार्थ सेवन गरी सुत्ने खाटबाट लडी घाइते भएको र जिल्ला अस्पताल गौर उपचारको लागि लैजाने क्रममा बाटोमा नै मृत्यु भएको थियो तर सूचनाको आधारमा शंका लागेर प्रहरीले अनुसन्धान गरेको थियो।

### ब्राउनसुगरसहित दुई जना समातिए

बाँके। नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट अवैध लागूऔषध ब्राउनसुगर २ ग्राम ५ सय मिलिग्राम सहित दुई जना पक्राउ परेका छन्। कोहलपुर नगरपालिका-१० बस्ने २० वर्षीय केशव चौधरी र बर्दिया बाँसगढी नगरपालिका-१ बस्ने १९ वर्षीय प्रबिन खत्रीलाई शुक्रबार साँझ प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय जमुनाह र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगंजबाट खटिएको संयुक्त टोलीले भे.४ प ५४२९ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### सवारी दुर्घटनामा दुई जनाको मृत्यु

रूपन्देही। रूपन्देही जिल्लामा छुट्टाछुट्टै सवारी दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ। तिलोत्तमा नगरपालिका-९ शंकरपुरस्थित सडकमा प्रदेश ३-०२-००१ प ८५९१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई शुक्रबार साँझ दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकलमा सवार बैतडी दशरथचन्द नगरपालिका-११ घर भएका नरसिंह बुडालको क्रिमसन अस्पताल मणिग्राममा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ। यसैगरी ओमसिया गाउँपालिका-४ बसन्तपुरस्थित सडकमा एनएल ०१ डि ४७०८ नम्बरको ट्रकले लु.४७ प ८९०५ नम्बरको मोटरसाइकललाई शनिबार दिउँसो ठक्कर दिँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने २० वर्षीय बलाराम राईको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने १८ वर्षीय आकाश गुप्ताको भिम अस्पताल भैरहवामा उपचार भइरहेको छ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

बाँके। बाँकेको बैजनाथ गाउँपालिका-८ टिटिरिया गाउँस्थित सडकमा भे.१ प ३०३४ नम्बरको मोटरसाइकल अनियन्त्रित हुँदा एकको मृत्यु भएको छ। शनिबार दिउँसो मोटरसाइकल दुर्घटना हुँदा गम्भीर घाइते भएकी मोटरसाइकलमा सवार कोहलपुर नगरपालिका-१० बस्ने ३६ वर्षीया मिना बस्यालको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ।

### अन्टेष्ट अटोको ठक्करबाट एकको मृत्यु

कैलाली। धनगढी उपमहानगरपालिका-१२ स्थित सडकमा अनटेष्ट लेखिएको अटोको ठक्करबाट एकको मृत्यु भएको छ। अटोको ठक्करबाट गम्भीर घाइते भएका पैदलयात्री सोही ठाउँ बस्ने ५६ वर्षीय राम बहादुर लोप्चनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा शनिबार राति मृत्यु भएको छ। अटो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुर्घटनाका सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अझै अशिक्षित मधेशका चेलीहरू



लिलेश यादव

प्रत्येक वर्ष फाल्गुन १४ गते महिला दिवसको अवसरमा हाम्रो देशका नेताहरू, मन्त्रीहरूले ठूलो होटलमा भाषण दिदैं आउँछन् । उनीहरू भन्छन् कि महिलाहरूको जीवन सुध्रिसक्यो, राष्ट्रपति महिला छिन, मन्त्रीहरू पनि महिला छिन, सर्वोच्च अदालतको प्रधानन्यायाधीश महिला भइसकेकी छिन । अब हाम्रो देशको महिलाहरूको जीवनमा धेरै परिवर्तन भइसक्यो । महिलाहरूले आफ्नो कुरा स्वतन्त्र रूपमा राख्न सक्छिन्, स्वतन्त्र रूपमा काम गर्न सक्छिन्, स्वतन्त्र रूपमा हिंडन सक्छिन् । तर बास्तवमा भन्ने हो भने केहि ठूला पदमा महिला पुगिसके पनि महिलाहरूको विकास भइसके हो भन्दा धेरै गतत हुन्छ । देशको दुरदराजमा महिलाहरू आज पनि आफ्नो जीवन डर र त्रासमा बिताउने गर्छन् । महिला र पुरूषहरूबीबच धेरै नै विभेद रहेको छ ।

तर आज म कुरा गर्छौं मधेशमा महिलाहरूमाथि भाइरहेको विभेदको बारेमा, महिला प्रति हेराइको बारेमा । कसरी आजको आधुनिक युगमा पनि महिलाहरू एउट दासी बनेर आफ्नो जीवन यापन गर्दै आइरहेका छन् ।

बास्तवमा कुनै पनि जिवित प्राणीको जन्म गर्भबाट हुन्छ । तर मधेशमा महिलाहरूको विभेद गर्भबाटै सुरू हुने गरेको पाइन्छ । जब हाम्रो समाजमा एउटा छोरी हुन्छ त्यति खेर सानो भोज भतेर गर्छौं । यदि लगातार अर्को छोरी भयो भने भोज भतेर छोरेर भाग्यलाई दोष दिने गरिन्छ । यदि तेस्रो बच्चा गर्भमा भयो भने डाक्टर कहाँ गएर जचाउने गर्छौं । यदि छोरा छ भने ठिकै छ । तर यदि छोरी छ भने जुन आमाको गर्भमा बच्चा हुन्छ, त्यही आमाले बच्चालाई गर्भपतन गर्नको लागि आफ्नो बुढालाई दबाब दिने गर्छ । आमाले दबाब दिन पनि मजबुरी हुन्छ ।

धेरै छोरी पाउने आमालाई धेरै विभेद हुने गर्छ । धेरै छोरीलाई जन्म दिने आमालाई घर, परिवार र समाजले विभिन प्रकारको गाली दिन थाल्छ । छोरा पाउनको लागि बुढाले अर्को बिहे गर्छ कि जस्तो डर त्रास हुने गर्छ । यदि एउटा बुढीबाट छोरा पाउन सकेन भने छोरा पाउनकै लागि अर्को बिहे गर्ने चल्न अहिले पनि मधेशमा छ । छोराप्रतिको चाहनाले गर्दा छोरीहरूको मृत्यु गर्भमा हुने गर्दछ । त्यही भएर गर्दा हाम्रो देशमा पुरूष भन्दा महिलाको जनसंख्या धेरै छ । जुन आमा बुवाले आफ्नो सन्तानलाई धेरै माया गर्ने गर्छ । मधेशमा छोरीलाई गर्भमा मार्ने निर्णय गर्छ भने छोराको लागि विभिन प्रार्थना गरी विभिज्न प्रकारको राम्रो खान खाने गरिन्छ । जुन आमा बुवाले छोरीलाई संसार देखाउनका लागि जन्म दिने हो, त्यसले नै छोरीको हत्यारा बन्छ अनी ककसरी छोरा छोरी प्रति समान व्यवहार गर्छ ? त्यही आमा बुवाले गर्भमा छोराछोरीबीच विभेद गर्छ भने कसरी छोरीहरू स्वतन्त्र रूपमा अगाडि बढ्छ ।

जीवनमा केही गर्नको लागि नभई नहुने हो । हाम्रो देशमा शिक्षामा पनि छोरा छोरी प्रति विभेद हुने गर्छ । मधेशमा छोरी छोराको शिक्षा प्रति ठूलो विभेद देखिन्छ । छोरा छ भने उसलाई राम्रो महगो स्कूलमा पठाउने तर छोरीलाई एउटा सरकारी स्कूलमा पठाउने आमा बुवाहरू धेरै नै छन् । यदी छोरा स्कूलबाट पढेर आयो भने उ सँग धेरै मायाले आमा बुवा प्रस्तुत हुन्छन् । स्कूलबाट छोराले कुनै घरकार्य ( पाएको होकी ? छोरालाई खाजा खुवाई उसले स्कूलबाट पाएको घरकार्य सकाउनका लागि भन्छौ । तर छोरी पढेर आएपछि उसलाई एउटा नोकर जस्तो व्यवहार गर्छौं । छोरी स्कूलबाट पढेर आयो भने एक चोटि पनि सोधिदैन तिमीले केही घरकार्य पाएकी छौ ? बरू उसलाई भन्ने गरिन्छ तिमी खाजा खाउ अनी गएर खेतबाट घास, दौरा लिएर आउ । एउटा छोराले स्कूलको घरकार्य गर्नको लागि २ घण्टा पाउछन भने छोरीले घरको काम गर्न्को लागि घास दौरा ल्याउनका लागि २ घण्टा समय लगाउँ छिन् ।

जब साँझ पर्छ त्यस पछि छोराले किताब लिएर बस्छन भने वा मन लागेन भने गएर साथीहरू सँग घुम्न वा खेल्न जान्छ । तर छोरीले आफ्नो परिवारको लागि खाना पकाउँछिन् । खाना पकाएर मात्र कहाँ हुन्छ, आफ्नो परिवारको सम्पूर्ण सदस्यहरूलाई खाना दिनु पर्ने हुन्छ । सबै जनाले खाना खाइ सके पछि छोरीले खाना खानु पर्ने मधेशमा चलन छ । सम्पूर्ण व्यक्तिले खाएको भाडा मस्काइ, खाना पकाएको चुलो सफा गरेर मात्र छोरी सुत्नको लागि समय पाउँछ । एउटा छोरीले दिन भर गरेको कामको थकाईले कसरी आफ्नो स्कुलको घरकार्य गर्न सक्छिन् । हाम्रो मधेश समुदायमा बिहानको सुरूवात सँगै छोरा छोरीबीचको विभेद पनि सुरू हुने गरिन्छ ।

बिहान हुने बितिकै एउटा छोराले पढनको लागि समय पाउँछन भने छोरीले सम्पूर्ण परिवारका लागि चिया पकाउने , खाना पकाउने गरिन्छ । खाना पकाइ सकेपछि खाना खाएर स्कुल जाने गरिन्छ । जब मधेशमा बस्ने आमा बुवा लगायत अभिभावकले आफ्नो छोराको लागि राम्रो पढ्ने वातावरण बनाउँन छन भने छोरीलाई दिनभरी काममा लगाउनेले कसरी छोराछोरीबीच समान व्यवहार गरेको छ ? जीवनको लागि चाहिने शिक्षामा विभेद गर्छ भने कसरी एउटी छोरीले जीवनमा अगाडि बढछ ?

स्कुल शिक्षा पास गरेर उच्च शिक्षा प्राप्त गर्ने मधेशमा जन्म लिने भाग्यमानी छोरी हुनु पर्छ । किनभने स्कुल पढदा पढदै ८० प्रतिशत केटीको बिहे भइसकेको हुन्छ । प्लस २ पढ्ने मधेशको १० प्रतिशत केटीहरू मुश्किलले पाइन्छ । यदि गाउँको नजिकमा कुनै क्याम्पस छ भने मात्र पढ्न पाउँछिन् । किनभने हाम्रो मधेशमा बस्ने अभिभावक आफ्नो छोरीलाई अर्को गाउँ, शहरमा पठाएर पढाउनका लागि मान्दैन ।

प्लस २ पढ्ने क्रममा कुनै केटी भागी बिहे गरयो भने त्यो गाउमा पढ्ने सम्पूर्ण केटीका लागि केटा खोज्ने काम सुरू हुन्छ । त्यो गाउँको ९० प्रतिशत केटीको बिहे अभिभावकले गरिदिन्छ । मधेशमा केटी भागी बिहे गरयो भने आमा बुवा र त्यो गाउँको इज्जत जान्छ । समाजमा आफ्नो टाउको उठाएर हिंडन सक्दैन । त्यो भएर केटी भागी बिहे गरे पछि तिनीहरूको आमाबुवाले कहिले पनि अपनाउदैन, आफ्नो सन्तान मान्दैन, कतिपयले आफ्नो सरकारी शक्ति प्रयोग गरेर आफ्नो सन्तान भएको कुनै पनि साबुत राख्दैन ।

समय धेरै परिवर्तन भयो तर महिलाप्रतिको सोचाइ र व्यहवार अहिले पनि परिवर्तन भएको पाईदैन । हिजो पनि महिलाहरूलाई डराई, धमकाइ राखिन्थ्यो । आज पनि मधेशमा महिलाहरूलाई डराई धमकाइ राखिन्छ ।

**समय धेरै परिवर्तन भयो तर महिलाप्रतिको सोचाइ र व्यहवार अहिले पनि परिवर्तन भएको पाइदैन । हिजो पनि महिलाहरूलाई डराई, धमकाइ राखिन्थ्यो भने आज पनि मधेशमा महिलाहरूलाई डराई धमकाइ राखिन्छ ।**

# छोरीलाई सक्षम र शिक्षित बनाउने अभियानमा छौं : मुख्यमन्त्री राउत

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले प्रदेश सरकार प्रदेशका छोरीहरूलाई शिक्षित र सक्षम बनाउने अभियानमा लागि परेको बताउनु भएको छ ।

धनुषाको मिथिला विहारी नगरपालिकाको जगरूप साह रामपुकार साह मा बि परशुराम तलाउ र गंगा प्रसाद प्राविधिक मा वि ठेरामा आयोजित साइकल वितरण समारोहलाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्री राउतले समाजको आधा हिस्सा छोरीहरू शिक्षित र सक्षम नभए सम्म प्रदेश समृद्ध नहुने भएकाले प्रदेश सरकार यस अभियानमा अघि बढेको बताउनु भयो ।

उहाँले मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत छोरीहरूलाई शिक्षित र सक्षम बनाउन साइकल वितरण अभियान, छोरी शिक्षा विमा, सामुदायिक विद्यालयहरूमा छात्रा शौचालयको निर्माण अघि बढाएको उल्लेख गर्नु भयो ।

छोरीहरू शिक्षित र समक्ष भै सके पछि उनिहरूलाई रोजगारीमा समान अवसर दिन विभिन्न निकायहरूमा पचास प्रतिशत आरक्षणको व्यवस्था समेत गरेको उल्लेख गर्नु हुँदै मुख्यमन्त्री राउतले अवको १५ वर्ष पछि महिलाहरूले जिल्ला र प्रदेश चलाएर नमूना कायम गर्ने दावी समेत गर्नु भयो । प्राविधिक शिक्षा बिना प्रदेश समृद्ध हुन न सक्ने उल्लेख गर्नु हुँदै उहाँले संविधानले प्रदत गरेको प्राविधिक र उच्च शिक्षा दिने प्रदेश सरकारको अधिकारलाई स्थापित गराउन प्रदेश सरकार छिट्टै प्राविधिक शिक्षा ऐन ल्याउन लागेको र त्यस पछि सामुदायिक विद्यालयहरूमा आवश्यकताको आधारमा प्राविधिक शिक्षाको अनुमति प्रदान गर्ने उल्लेख समेत गर्नु भयो ।

दुबै विद्यालयमा आयोजित कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादव, प्रदेश सभा सदस्य राम अशिष यादव, चमेली देवी दास, समाजवादीपार्टीका केन्द्रिय सदस्य महाजन यादव सहितको उपस्थिति रहेको थियो ।




## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**स्वास्थ्य कार्यालय,**
**काठमाडौं, टेकु**

स्थानीय सम्वाद

# सिंहदरबार गाउँमा त छ तर केही अप्ठ्याराहरू पनि छन्



**शिव नारायण साह**
**मेयर, डाक्नेश्वरी नगरपालिका, सप्तरी**

सप्तरी जिल्लाको मध्य दक्षिण भाग तथा पूर्व पश्चिम राजमार्गको दक्षिण भागमा पर्ने यस नगरपालिका वि.सं. २०७३ सालमा पातो बजारमा केन्द्र राखी १० वटा गा.वि.स.हरू मिलेर नगरपालिकाको स्थापना गरिएको हो । पातो अवस्थित शक्तिपीठ डाक्नी माताका नामले यसको नामाकरण गरिएको छ । साविक १० गा.वि.स. हाल १० वडा, कविलासा, हरिराहा, तरही, भुतही, पातो, औरही, ब्रहमपुर, गम्हरिया प्रवाहा, पत्थरगाडा र बनौला वडामा विभाजन गरिएको हो । यस नगरपालिका कुल क्षेत्रफल ६९.११ वर्ग कि.मी. ४४,७८२ जनसंख्या रहेको छ ।

**० तपाइँ मेयर भएदेखि अहिलेसम्म के-के काम भयो ?**

– नेपाल अहिले नयाँ संरचनामा छ । तीन तहको सरकार छ । करिब दुई दशकदेखि जनप्रतिनिधिविहीनताको अवस्थामा जब हामी निर्वाचित भएर आयौं, जनताका धेरै अपेक्षाहरू देखिए । हामीले जनताका हरेक आवश्यकतालाई मध्यनजर गर्दै विकास निर्माणका कामहरू गरिरहेका छौं । मुख्यरूपमा हामीले शिक्षा, स्वास्थ्य, बाटोघाटोको अवस्था सुधारमा केन्द्रित भएका छौं । यो नगरपालिकामा अहिले ६ वटा बर्थिङ्ग सेन्टर सञ्चालन भएको छ । सबै वार्डहरूमा स्वास्थ्यचौकीको स्थापना गरेका छौं । यस नगरपालिकामा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय काम भएको छ । त्यस्तै, शिक्षामा पनि सुधार आएको छ । शिक्षातर्फ केन्द्र सरकारको उदारता नै देखिएको छ । विकास निर्माणका कामहरू पनि भइरहेका छन् ।

**० तपाइँहरूको काम गराईबाट जनताले स्थानीय सरकारको अनुभूति गरेका छन् ?**

– डाक्नेश्वरी नगरपालिकाका जनताले स्थानीय सरकारको बहुत अनुभूति गरेका छन् । हामीले जनताको चाहना र अपेक्षाअनुसार योजनाहरू सञ्चालन गरिरहेका छौं । कुनै पनि योजना सञ्चालन गर्दा हामीले सबै पक्षसँग सल्लाह गर्ने गरेका छौं । लामो समयको अन्तरालपछि जनताको सबभन्दा नजिकको सरकार आउँदा अपेक्षा धेरै देखिन्छन् । तर, हामी विस्तारै ती अपेक्षाहरू पूरा गर्ने क्रममा छौं । हामीले संघीयतालाई संस्थागत गर्ने कार्यमा पनि जनतालाई सम्झाइरहेका छौं । नयाँ व्यवस्था भएकोले जनतालाई सोही बमोजिमको सुविधाहरू दिने भन्ने हाम्रो सोचाइ छ । युवाहरूको क्षमता अभिवृद्धिका लागि पनि हामीले धेरै योजनाहरू ल्याएका छौं । युवाहरूका लागि खेलकुददेखि विभिन्न किसिमका तालिमहरू पनि ल्याएका छौं ।

**० मुलुकमा तीन तहको सरकार हुँदा पनि जनतामा व्यापक असन्तुष्टिहरू देखिएका छन् नि ?**

– मुलुक अहिले नयाँ संरचनामा जाँदा एकैचोटि सबै कुरा पूरा हुँदैन । विस्तारै जनताका चाहना र अपेक्षाहरू पूरा हुने हो । जनताका हरेक अपेक्षा एकैचोटि पूरा हुन अप्ठ्यारो नै छ । सबै कुरा एकैचोटि पूरा होस् भन्ने जनताको चाहना राम्रै हो तर, काम गर्दा समय लाग्छ नै । एउटा पार्टीको सरकार हुँदा अर्को पार्टीले आलोचना गर्नु नराम्रो होइन । ती आलोचनाहरूलाई हामीले सकारात्मक रूपमा लिँदै काम गर्दै आएका छौं । सकारात्मक कुराहरूलाई अंगीकार गर्ने नीति हाम्रो रहेको छ । तर, जनताले स्थानीय सरकारको अनुभूति गरेकै हुन्, नगरेको होइन ।

**० 'स्थानीय सरकारपछि सिंहदरबार गाउँ-गाउँमा' भन्ने नारा जनताले महसुस गरेका छन् ?**

– सिंहदरबार गाउँ-गाउँमा भन्ने कुरा सुन्दा हामीलाई पनि लागेको थियो कि जनताले सबैथोक गाउँमै पाउँछन् । यस्तो अपेक्षा हामीले पनि गरेका हौं । हामी काम गर्दै जाँदा कतै न कतै ऐन कानूनहरू बाँझ्दै गएको जस्तो लाग्छ । हामीलाई जनताको काम गर्न ऐन नियमले बाँधिदिएको छ कि भन्ने महसुस हुन्छ । सिंहदरबार गाउँ-गाउँमा त छ तर केही अप्ठ्याराहरू अहिले पनि छन् । खासगरी शिक्षाको क्षेत्रमा केन्द्रले पूर्णरूपमा जिम्मे अहिलेसम्म पनि स्थानीय सरकार हस्तान्तरण गर्न सकेको छैन । शिक्षा क्षेत्रको सम्पूर्ण अधिकार हामीलाई नदिँदा सुधार कसरी गर्ने भन्ने अहिलेसम्म पनि हामी अन्योलमै छौं । शिक्षाबाहेक लगभग अन्य अधिकारहरू हामीले पाएकै छौं ।

**० भनेपछि पूर्णरूपमा सिंहदरबार गाउँ-गाउँमा आएको छैन ?**

– केही क्षेत्रमा सिंहदरबारका सबै अधिकारहरू गाउँमा आएको छैन । अहिले सबै ऐन कानूनहरू बनिसकेको छैन । हामीले ऐन कानूनहरू बनाउँदैछौं । केन्द्रले कतिपय कानूनहरू अलि छिट्टै बनाइदिनुपर्‍यो । जस्तै, शिक्षा क्षेत्रकै कुरा गर्ने हो भने हामीले चाहेअनुसारको काम गर्न सकिरहेका छैनौं । शिक्षा क्षेत्रमा अलि स्पष्ट नभएकोले हामी गर्न पाइरहेका छैनौं । केन्द्रबाट हामीलाई तलब पठाइदिन्छ र हामीले वितरण गरिदिन्छौं । शिक्षामा योभन्दा बढी अधिकार हामीलाई दिइएको छैन । स्वास्थ्यमा पनि त्यस्तै अवस्था छ । हामीले एउटा राम्रो अस्पतालको अवधारणा पनि ल्याएका छौं ।

**० तपाइँ आफ्नो कार्यभित्र डाक्नेश्वरी नगरपालिकालाई कस्तो बनाउने योजनामा हुनुहुन्छ ?**

– 'समृद्ध डाक्नेश्वरी नगरपालिका हामी सबैको चाहना' भन्ने हाम्रो मूल नारा हो । यही नाराका साथ आफ्ना कार्य योजनाहरू अगाडि बढाउँदै आएका छौं । अहिलेसम्म हाम्रो नगरपालिकाको कार्यालयसमेत छैन । आफ्नो कार्यालय बनाउने सोचमा छौं । यहाँका बाटोघाटोको अवस्था राम्रो बनाउने लक्ष्यका साथ काम गरिरहेका छौं । त्यस क्षेत्रमा हामीले सफलता पनि प्राप्त गर्दै आएका छौं । स्वास्थ्य क्षेत्रमा पनि सुधारका लागि योजना अगाडि बढाउँदैछौं । यस नगरपालिकामा कमसेकम दुईटा बजार बनाऔं भन्ने योजनामा छौं । यो नगरपालिकालाई समृद्ध बनाउनका लागि हामीले दीर्घकालीन तथा अल्पकालीन योजनाहरू पनि ल्याएका छौं । तसर्थ, यहाँका जनताले सिंहदरबार गाउँ-गाउँमा महसुस गर्ने प्रयासमा लागेका छौं । सबै सेवा सुविधाहरू आफ्नो ठाउँमा पाओस् भन्ने हाम्रो चाहना हो ।

## पत्रपत्रिकाबाट...

# जम्मू-कश्मीर विभाजनको औपचारिक कार्यान्वयन



भारतको जम्मू-कश्मीर राज्यलाई बिहीवारदेखि दुईवटा केन्द्रशासित भूभागमा विभाजन गरिएको छ। गत अगस्टमा भारत सरकारले गरेको निर्णयबमोजिम यस्तो विभाजन भएको हो। हिन्दू राष्ट्रवादी सरकारले जम्मू-कश्मीर राज्यको विशेष संवैधानिक मान्यता खारेज गरेर त्यसलाई दुईवटा केन्द्रशासित भू-भागमा परिणत गरिदिएको थियो।

उक्त निर्णयानुसार अब जम्मू-कश्मीर एउटा र लद्दाख अर्को केन्द्रशासित भू-भाग बनेका छन्। पहिले जम्मु-कश्मीर राज्यकै भाग रहेको बौद्धमार्गीको बाहुल्य भएको लद्दाख क्षेत्र बिहीवारदेखि छुट्टै एकाइ बनेको छ।

**परिवर्तनको प्रभाव**

केन्द्रशासित क्षेत्रहरूसँग निकै कम स्वायत्तता हुन्छ। यी परिवर्तनले ती क्षेत्रमा दिल्लीको नियन्त्रण थप कसिलो बनाउनेछ। जम्मु-कश्मीर राज्यको करिब ९८ प्रतिशत जनसंख्या केन्द्रशासित जम्मु-कश्मीर भूभागमै रहनेछन्। त्यसमा खासगरी दुईवटा क्षेत्र हुनेछन्। मुसलमान बहुल कश्मीर उपत्यकामा ८० लाख जनसख्या छ भने हिन्दूबहुल जम्मुमा ६० लाख जनसंख्या छ।

तेस्रो क्षेत्र लद्दाख निकै उचाइमा रहेको ठाउँ हो। त्यहाँ तीन लाख मानिस छन् जसमध्ये मुसलमान र बौद्धमार्गी लगभग बराबर छन्। सरकारका अनुसार पुरानो राज्य सरकारका कर्मचारीहरूले आफ्ना साविकका काम नयाँ क्षेत्रमा गर्नेछन्।

रियाज मसरूर भन्छन्, "बितेको ६५ वर्षदेखि जम्मु-कश्मीर भारतअन्तर्गत रहेको एउटा स्वायत्त राज्य थियो। यही कारण उसको छुट्टै प्रशासन थियो, छुट्टै वित्तीय तथा कानुनी प्रणाली थियो। यहाँभन्दा बाहिरका मानिसलाई जग्गाजमिन तथा सम्पत्ति किन्न रोकतोक थियो। साथै सबै सरकारी प्रतिष्ठान तथा गाडीहरूमा भारतको तिरङ्गाका साथमा राज्यको छुट्टै झण्डापनि अङ्कित हुन्थे। मोदी सरकारले यस्ता व्यवस्थाले त्यहाँ पृथक्तावादी भावना जगाउन सक्ने र पाकिस्तानलाई छद्म युद्धमार्फत् यस्ता भावनाको दुरूपयोग गर्ने मौका दिन सक्ने ठान्थ्यो।

**बढ्दो तनाव**

अगस्टमा भारत सरकारले गरेको निर्णयपश्चात् कश्मीरमा निकै तनाव चर्किएको छ। मंगलवार कश्मीरमा सन्दिग्ध पृथक्तावादी विद्रोहीहरूले कम्तीमा पाँचजना निर्माण मजदुरहरूलाई गोली हानी मारिदिएको प्रहरीले बतायो। ती मजदुर पश्चिम बङ्गाल राज्यका थिए। केही समययता कश्मीरमा बाहिरबाट आएर बसेका मानिसविरूद्ध आक्रमणको क्रम बढेको छ। *बीबीसीबाट*

# पाकिस्तानमा रेलमा आगो लाग्दा ६५ भन्दा बढीको मृत्यु



पाकिस्तानको कराची सहरबाट लाहोरतर्फ गइरहेको यात्रुवाहक रेलमा आगलागी हुँदा कम्तीमा ६५ जना मारिएको बताइएको छ। पाकिस्तान रेलवेको तेजगाम एक्सप्रेसमा लियाकतपुर भन्ने ठाउँमा पुग्दा तीनवटा डिब्बामा आगलागी भएको थियो। स्थानीय प्रहरी अधिकारीका अनुसार कम्तीमा ६५ जना मारिएको पुष्टि भएको छ भने अरू ३० जना घाइते भएका छन्। रेलमन्त्री शेख रशिद अहमदका अनुसार यात्रीहरूको साथमा खाना पकाउने सामान, सिलिन्डर तथा स्टोभ थिए। रेलमा सिलिन्डर विस्फोट भएर आगलागी भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्। ती सञ्चारमाध्यममा उद्धृत गरिएका अधिकारीहरूका अनुसार जलिरहेको रेलबाट हाम फाल्न खोज्दा कतिपय मानिसको मृत्यु भएको थियो। अधिकारीहरूका अनुसार हाताहत हुने मानिसको संख्या अझ बढ्न सक्नेछ। "दुईवटा स्टोभ पड्किए। उनीहरू खाना पकाउँदै थिए। उनीहरूको साथमा तेल पनि थियो जसले आगो झन् फैलन पुग्यो," रेलमन्त्रीले भने। हताहत हुनेमध्ये एउटा धार्मिक कार्यक्रममा सहभागी हुन जान लागेको एउटा समूहका मानिसहरू भएको उनले बताए।

# छुवाछुत पीडितको हतियार अभद्र व्यवहार मुद्दा

**राकेश प्रसाद चौधरी**

महोत्तर। जतिय विभेद तथा छुवाछुतबिरूद्ध आवाज उठाउनेमाथि पीडकपक्षले अभद्र ब्यबहारको हतियार प्रयोग गर्न थालेको देखिएको छ भने पीडितहरू जिल्ला प्रशासन कार्यालयबाट र पीडकहरू अदालतबाट धरौटीमा छुट्ने गरेका छन्।

प्रदेश १ को मोरंग जिल्लामा भएको जातिय विभेद तथा छुवाछुत सम्बन्धि घटनामा आरोपित टलक बहादुर पाण्डे र रूदबहादुर कटुवाललाई ३०/३० हजार रूपैया धरौटी राखेर बाहिर आएका छन्। पाण्डे शनिश्चरे बजारमा चिया पसल चलाउँदै आएका छन्। आफ्नै पसलमा पाण्डेले स्थानीय डिमोने कामीलाई असोज २० गते छुवाछुत गरेको आरोप लगाउँदै असोज २८ गते प्रहरीमा जाहेरी दर्ता गराएका थिए।

महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिका ५ मा असार २ भएको विभेद तथा छुवाछुत सम्बन्धि मुद्धामा आरोपित गणेश साह ५० हजार रूपैया धरौटी राखेर बाहिर आएका हुन्। यो मुद्धामा न्यायाधीश विष्णु सुवेदीले भाद्र २३ गते धरौटी वा सोही रकमको जमानत राख्ने आदेश दिएका थिए। ब्रम्हथानको पूजामा साहले आफू र भोगी मल्लिक डोमलाई जातिय विभेद तथा छुवाछुत गरेको आरोप लगाउँदै दुलारीदेवी मल्लिक डोमले जाहेरी दिएकी थिइन्।

महोत्तरीभन्दा मोरंगमा पीडकपक्ष धेरै आक्रामक देखिएका थिए। आरोपित पाण्डे डिमोनमाथि नै अभद्र ब्यबहारको मुद्धा दर्ता गराएपछि जिल्ला प्रशासन कार्यालयबाट एक हजार रूपैया धरौटी तिरेर बाहिर आएका हुन्। दुबैपक्षको मुद्धा न्यायिक निकायमा चलिरहेको छ।

महोत्तरीमा क्रियाशिल अधिवक्ता परमहंश मिश्रले अपराधको अवस्था हेरेर धरौटी/जमानत वा पूपर्क्ष गर्ने गरेकोले यस्तो मुद्धाको आदेशमा टिप्पणी गर्ने ठाउँ नरहेको बताए। उनले जातिय विभेद तथा छुवाछुतको मुद्धा अदालतसम्म आउनु सकरात्मक पक्ष भएको टिप्पणी गरे।

छुवाछुत र जातिय विभेदबाट हरेक मानिस पीडित रहेपनि दलित समूदाय बढी अपमानजन्य ब्यबहार खेप्नुपरेको देखिएको छ। त्यसमा पनि डोम समूदाय सबैभन्दा बढी थिचोमिचोमा पर्ने गरेका छन्। सिरहा लहानका रेडियोकर्मी रामभरोसी महतोले छठ पर्व गर्न काम लाग्ने बाँसको सम्पूर्ण सामान डोम समूदायले बनाएपनि त्यही पर्वमा समेत उनीहरूसँग छुवाछुत हुने गरेको बताए। महोत्तरीका जिल्ला न्याधिवक्ता कृष्णप्रसाद पुडासैनीले प्रहरीले जातिय विभेद तथा छुवाछुतको जाहेरी लिन वा दर्ता गर्न नमाने सिँधै सरकारी वकिल कार्यालयमा सम्पर्क गर्न सकिने जानकारी दिए। उनले सरकारवादी मुद्धामा पीडितपक्षलाई न्याय दिलाउन सरकारी न्याधिवक्ताले दह्रो प्रस्तुती गर्ने गरेको बताए। जातिय विभेद तथा छुवाछुतको मुद्धामा समेत शिध्र न्यायसम्पादन गर्न सकिने प्रावधन रहेकोले पीडितपक्षले यसको लागि आवाज उठाए समयमै यस्ता मुद्धाको फैसला हुन सक्ने दावी प्रहरी निरीक्षक राजन लम्सालको छ।

राजनीतिक दवाव र प्रभावले संवेदनशिल घटनामा समेत पर्ने गरेको पाइन्छ। एक पक्ष दोषी भएको अवस्थामा समेत त्यही पक्षले पीडितमाथि अर्को मुद्धा लगाउने गरेको देखिन्छ। राजनीतिक दवाव र प्रभावले न्याय सम्पादनमा प्रभाव पर्ने र पीडितपक्ष झन् पीडाको सामाना गर्नुपर्ने थुप्रै उदाहरण भेट्िने गरेको महोत्तरीका मानवअधिकारकर्मी अधिवक्ता बिकरू इादवको टिप्पणी छ।

श्रमिक ऐन, २०७४ को पालना गरौं, श्रमिक, श्रमिक आपूर्तिकर्ता र रोजगारदाता सजग बनौं।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## छठपुजाको सामग्री प्रदान



वीरगन्ज। छठपर्वको पूर्वसंध्यामा नेकपा आबद्ध महिला नेत्री सिता पटेलद्वारा १५० जना असहाय महिलाहरूलाई छठपुजाको सामग्रीहरू बाँडिएको छ। वीरगंजको त्रिमुर्ती हल अगाडी रहेकी महिला नेत्री सिता पटेलले आफ्नै बास स्थानको प्रांगणमा महिलाहरूलाई आमन्त्रित गरी बोलाइएकोहरूलाई साडी, नारियल, सुपली, सुजी, आँटा, लगायतका पुजन सामाग्रीहरू दिइएको थियो। प्रत्येक वर्ष छठपर्वको अवसरमा नेकपा नेत्री सिता पटेलले यस्ता असहाय महिलाहरूलाई छठ सामग्री दिँदै आएको यो आठौं वर्ष भएको सिता पटेलले बताएकी छिन्। छठ पर्वको पुजा सामग्री वितरण कार्यक्रममा नेकपा आबद्ध महिला नेत्री सिता पटेल, मधेश आन्दोलनका चर्चित महिला नेत्री अनिता रौनीयार र बिट्टु कुमारी सिंह लगायतको उपस्थिति रहेको थियो।

## जिल्ला समाचार

### राज्यमन्त्री मण्डलद्वारा खेल सामग्री सहयोग

सिरहा। प्रदेश नं. २ का उद्योग, पर्यटन, वन तथा वातारण राज्यमन्त्री सुरेश मण्डलले सिरहाका दुई वटा क्रिकेट क्लबलाई खेल सामग्री सहयोग गरेका छन्। युवाहरूलाई खेलकुदले शारिरिक रूपले तंदुरूस्त तथा मानसिक रूपले स्वस्थ्य बनाउने उद्देश्यका साथ राज्यमन्त्री मण्डलले सिरहाको कल्याणपुर नगरपालिकामा रहेका माँ दुर्गा क्रिकेट क्लब कल्याणपुर र समाज कल्याण युथ क्रिकेट क्लब बेल्हालाई खेल सामग्री हस्तान्तरण गरेका छन्। दुवै क्रिकेट क्लबलाई १२-१२ वटा युनिफर्म, २-२ वटा ब्याट, ६-६ वटा विकेट, १-१ दर्जन टेनिस बल, २-२ जोडा प्याड, २-२ वटा एडी र २-२ वटा ग्लब्स प्रदान गरेका हुन्। माँ दुर्गा क्रिकेट क्लबका अध्यक्ष धर्मेन्द्र साह र समाज कल्याण युथ क्रिकेट क्लबका अध्यक्ष मो.समीम अन्सारीलाई राजपाका युवा नेता धिरज मण्ड, श्रवण साह र बेचन मण्डलले ती खेल सामग्रीहरू हस्तान्तरण गरेका थिए। समाजमा भाईचारा विकसित गराई समृद्ध तथा उन्नत समजको निर्माण गर्न समेत मद्दत पुग्ने विश्वास राज्यमन्त्री मण्डलले लिएका छन्। उनले मादक पदार्थ सेवन, धुम्रपान, लागुऔषध जस्ता कुलतमा लागेका युवा पुस्तालाई समाजको मूलाधारामा ल्याउन खेलकूद एउटा राम्रो माध्यम हुने बताएका छन्। तसर्थ, एन्ड्रोइडमा रमाइरहेका युथ जेनेरेसनलाई प्ले ग्राउण्डमा क्रिकेटको बल्ला समाउन र मधेश तथा देशको लागि योगदान दिन आह्वान गरेका छन्। साथै, राज्यमन्त्री मण्डलले आगामी दिनमा प्रदेश २ अन्य क्रिकेट क्लबहरूलाई समेत खेल सामग्रीहरू प्रदान गर्ने योजनामा रहेको कुरा मधेशवाणीलाई जानकारी दिएका छन्।

### रौतहटका उखु किसानहरू मारमा

रूपेन्द्र पटेल, रौतहट। रौतहटको गरूडामा रहेको श्रीराम सुगर मिलले उखु किसानको भुक्तानी नदिएपछि किसानहरू मारमा परेका छन्। हिन्दुहरूको महानपर्व दिपावली तथा छठ पर्वको समयमा समेत किसानहरूले भूक्तानी नपाएपछि किसानहरू चिन्तित बनेका हुन्। वर्षभरिको मिहिनेत र लगानीबाट उब्जाएको उखु बालीको रकम पर्वको समयमा समेत नपाएपछि उखु उत्पादक किसानहरू चिन्तित भएका छन्। चिनी उधोगीले उखु उत्पादक संघ रौतहटका पदाधिकारीलाई पटक-पटक वार्ताका लागि काठमाडौंमा बोलाएर खालीहात फर्काएका छन्। उद्योगी र संघका पदाधिकारीबीच गत शनिवार काठमाडौंमा भएको वार्तामा उद्योगपति हृतेश गोल्छाले किसानको बक्यौता रकम तत्काल दिन नसक्ने र बिस्तारै-बिस्तारै चुक्ता गर्ने बताएको बैठकमा सहभागी संघका सचिव मनोज सहनीले जनाएका छन्। गोल्छाको त्यस्तो जवाफ आएपछि आफुहरू उधोगमन्त्री मातृका यादवसँग भेटन मन्त्रालय पुगे तर उहाँसंग भेटघाट हुन नसकेको दुखेसो उनले पोखेका हुन्। कुनै उपाय नलागेपछि दुई दिनअघि जिल्ला प्रशासन कार्यालयमार्फत रकम भुक्तानीको पहलका लागी ज्ञापनपत्र बुझाइएको सचिव सहनीले बताएका छन्। सो चिनी मिल माथि किसानको पुरानो बक्यौता १२ करोड र गत बर्षको ३२ करोड गरी कूल ४४ करोड रूपैयाँको भुक्तानी प्रकृया सुरू नभए छठपर्व पछि मिलमा तालाबन्दी गरी कडा रूपमा सडक आन्दोलनमा उत्रने संघले चेतावनी समेत दिएका छन्।

### बाँकेका कुखुरापालक मर्कामा

बांके। कुखुरापालक किसानहरू धेरै मर्कामा परेका छन्। दाना र चल्लाको मूल्य बढे पनि आफूहरूले उत्पादन गरेको तयारी कुखुराको मूल्य झन् घटेको भन्दै उनीहरूले कुखुरा पालन छाडिरहेका छन्। कुखुरा किसानले आफूहरू पटक-पटक अन्यायमा परेको भन्दै आगामी लागि कुनै पनि किसानले ब्रोइलरको चल्ला माग नगर्ने र कुखुरापालक किसान मजिबुल हसन शेषअनुसार चल्ला र दानाको मूल्य सप्लायर्सहरूले अस्वाभाविकरूपमा बढाए पनि किसानले उत्पादन गरेको कुखुरामा भने अत्यधिक गिरावट आएको छ। आफूहरूको माग सम्बोधनका लागि दाना र कुखुराको चल्लाको मूल्य घटाउनुपर्ने वा उत्पादन भएका तयारी कुखुराको मूल्य बढाउनुपर्ने मुख्य माग रहेको उनले बताए। किसानका समस्या सम्बोधन नभए एक्कासी कुखुरा पालन घटदै जान्छ। कुनै पनि कुखुरापालक किसानले चल्ला खरीद नगर्ने घोषणा गर्दछन्। पटक-पटक दाना र चल्लाको मूल्यमा वृद्धि हुँदा पनि कुखुराको मूल्यमा गिरावट आएको, सप्लायर्सहरूले समयमा कुखुरा नउठाउने, किसानले तत्काल कुखुराको मूल्य नपाउने, सप्लार्यसहरूले मनपरी मूल्य निर्धारण गर्ने काम गरेको मजिबुल हसनले बताए।

### दुर्घटनामा प्रकाशको मृत्यु

रूपन्देही। देवदह नगरपालिका-९ भलुहीस्थित पूर्वपश्चिम राजमार्गमा लु.४१ प २५०६ नम्बरको स्कुटरले बुधबार साँझ पैदलयात्रीलाई ठक्कर दिई पुन हाल नम्बर नखुलेको मोटरसाइकलमा ठक्कर खाई दुर्घटना हुँदा गम्भीर घाइते भएका स्कुटरमा सवार प्यूठान गौमूखी घर भएका २२ वर्षीय प्रकाश घर्ती मगरको देबदह मेडिकल कलेज भलुहीमा उपचारको क्रममा मृत्यु भएको छ। दुर्घटनामा घाइते भएका पैदलयात्री देवदह नगरपालिका-९ बस्ने ५० वर्षीय सुक बहादुर सुनार र स्कुटर चालक सहित अन्य ३ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ। स्कुटरनियन्त्रणमा लिई हाल फरार मोटरसाइकल चालकको प्रहरीले खोजी गरिरहेको छ।

### रूपन्देही उद्योग संघमा काफ्ले विजयी

बुटवल। रूपन्देही उद्योग संघको निर्वाचनको मत परिणाम सार्वजनिक भएको छ। संघको महासचिवमा लोकतान्त्रिक प्यानलका जिवकान्त काफ्ले निर्वाचीत भएका छन्। काफ्लेले ३५९ मत ल्याएर बिजयी भएका हुन्। उनका प्रतिद्धन्दी शिव कुमार पाठकले ३३९ मत प्राप्त गरेका थिए। कोषध्यक्षमा बामपन्थी प्यानलका हरि बहादुर खत्री बिजयी भएका छन्। खत्रीले ३८२ मत ल्याउदा उनका प्रतिद्धन्दी दिपक खनालले ३१४ मत प्राप्त गरेका थिए। सचिव पदमा ३९२ मतका साथ हिरामणी भट्टराई बिजयी भएका छन भने उनका प्रतिद्धन्दी चन्द्रकान्त खनालले ३०५ मत प्राप्त गरेका थिए। महिला सचिवमा माया खनाल १ मतको अन्तरले बिजयी भएकी छन्। खनालले ३४७ मत ल्याउदा उनका प्रतिद्धन्दी रेनुका खरेलले ३४६ ल्याएकी थिईन्।

### छठपछि समाजवादी र राजपाबीच एकता : यादव

रौतहट। समाजवादी युवा संघका केन्द्रिय अध्यक्ष एवं प्रदेश नं २ का भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादवले छठ पर्वपछि समाजवादी र राजपाबीच एकता हुने ठोकुवा भएको बताएका छन्। बुधबार गृह जिल्ला रौतहट आएका राज्यमन्त्री यादवले समाजवादी र राजपा बीच एकिकरण भएपछि नयाँ बन्ने पार्टी नेकपाको विकल्पको रूपमा स्थापित हुने बताए। बुधबार रौतहटको देवाही गोनाही नगरपालिकाको गोनाही बजारमा तिहारको अवसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै कृषि राज्यमन्त्री यादवले अगामी निर्वाचनमा समाजवादी पार्टी नै देशको सबभन्दा ठुलो पार्टी बन्ने दावी गरे। समाजवादी पार्टी सबै जातजातिको मिश्रित पार्टी रहेको र जनताले धेरै विश्वास गरेकाले समाजवादीकै नेतृत्वमा सरकार बन्ने र प्रधानमन्त्री पार्टी अध्यक्ष उपेन्द्र यादव हुने उनले बताए। कार्यक्रममा बोल्दै युवा नेता राजकुमार दासले समाजवादी पार्टीकै कारण देशमा लोकतन्त्र आएको बताएका छन।

### वीरगन्जलाई प्रदुषण मुक्त बनाउने अभियान

वीरगन्ज। सिर्सिया खोलालाई प्रदुषित गर्ने कसैलाई पनि नछाडिने चेतावनी नगर प्रमुख बिजय कुमार सरावगीले दिएका छन्। छठ वा छठ पछिपनि नदिलाई प्रदुषित गर्ने कसैलाई पनि नछाडिने चेतावनी उनले दिएका छन्। उनले उद्योगहरूबाट उत्प्रेषित भएका रसायन युक्त फोहर पानी वा अन्य कुनै पनि प्रकारका फोहरजन्य बस्तु खोलामा मिसाएको भेटिए हदैसम्मको कारबाही गर्न बताए। सिर्सिया नदि एवम् वीरगन्ज प्रदुषण मुक्त अभियान पर्साका पदाधिकारीहरूद्धारा ज्ञापन पत्र बुझ्दै नगर प्रमुख सरावगीले यस्तो चेतावनी दिएका हुन्। खोलामा फोहरजन्य पदार्थ मिसाउँदै गरेका दुई जनालाई पक्राउ गरि कारबाही अगाडि बढाइएको बताउँदै उनले खोलाको पानीलाई प्रदुषित पार्ने उद्योगका कर्माचारी वा संचालक समेतलाई कार्यवाही गर्न जिल्ला प्रशासन कार्यालय पर्सा प्रमुखलाई आफुले निर्देशन दिएको र सो निर्देशनकैं आधारमा दुई जनालई पक्राउ गरिएको प्रष्ट पारे। सिर्सिया खोलको पानीलाई प्रदुषित पार्ने उद्योग, संघ संस्था वा व्यक्ति वारे जानकारी दिई महानगरपालिकालाई सहयोग गर्न सर्वसाधारणसँग अपिल गर्दै नगर प्रमुख सरावगीले खोलालाई प्रदुषित पार्ने कसैलाई अधिकार नभएको प्रष्ट पाारे।

# मिथिलाञ्चलमा सुरू भयो सामा चकेवा

**हिमांशु चौधरी**

मिथिलाञ्चलको प्रसिद्ध सांस्कृतिक पर्व सामा चकेवाका लागि आजदेखि माटोको आकृति बनाउने कार्य शुरू भएको छ। सामा चकेवा दिदी-बहिनीद्वारा दाजुभाइको दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गरिने पर्व हो। यो पर्व द्वितीया तिथिदेखि पूर्णिमा तिथिसम्म मनाइन्छ। सो पर्वका लागि द्वितीया तिथिका दिन दिदी-बहिनीले सामा चकेवा पर्वका लागि माटोको आकृति बनाउने कार्यको थालनी गरी छठ पर्वको खरना वा पारणदेखि पात्रहरूको आकृति बनाउने कार्यलाई तीव्रता दिने चलन रहेको छ।

मिथिलाञ्चलको प्राचीन सामाजिक, पारिवारिक संस्कार र परम्परालाई इङ्गित गर्ने यो पर्व लोकनाट्यको एउटा रूप हो, जसमा महिला सूत्रधार र पात्रमा माटोका मानव, पशु र चराको आकृति हुन्छन्। संस्कृतिविद् रामभरोस कापडि मानवीय संवेदनाका गहकिला पक्ष समेट्दै मौखिक परम्परामा जीवित रहँदै आजसम्म जीवन्त प्रस्तुति भइरहेको सामा चकेवा पर्व विशिष्ट सांस्कृतिक सम्पदा भएको बताउँछन्।

उनका अनुसार दाजुभाइ दिदी-बहिनीको प्रेम मुख्य आधार भएको यस पर्वले भाइ-बहिनी र पति-पत्नीको अमर प्रेम, समर्पण, उत्सर्ग र श्रद्धा प्रदर्शित गर्दछ।

के छ सामा चकेवामा ?

सामा स्त्री पात्र र चकेवा पुरूष पात्र हुन्। दुइटैलाई चराका रूपमा माटोको बनाइएको हुन्छ। त्यस्तै अन्य पात्र पनि माटोकै बनाइन्छ। सामा चकेवा पर्व मनाउँदा दाजुको प्रशंसा तथा चुगला भन्ने पात्रलाई गाली दिने खालका गीत गाएर बहिनी मनोरञ्जन गर्दछन्।

छठको खरना वा पारणदेखि मैथिल ललना माटोको आकृति बनाइ राति एउटा ढक्कीमा राखी दीप बाली घरबाट बाहिर अन्य साथी मिलेर गीत गाउँदै चौरमा गइ यो पर्व मनाउने गर्दछन्।

परम्परागत विश्वासका आधारमा चौरमा सामा चकेवालाई शीत र दुबो खुवाउने चलन पनि छ। चौरमा सबै महिला आ-आफ्नो डाला एक ठाउँमा राखी चारैतिर वृत्ताकारमा बस्दछन्। यस पर्वमा पतिपत्नीका बारेमा चुक्ली लगाउने छुल्याहा चुगला भन्ने पात्रको जुँगाको प्रतीक जुटलाई डढाउने काम हुन्छ। यो क्रम पूर्णिमासम्म चल्ने गरेको पाइन्छ।

यसमा सामा चकेवालगायत चुगला, ढोलिया, भरिया, सतभइया, खञ्जनचिडैया, वनतीतर, झाँझी कुत्ता, भैया बटतकनी, मलिनियाँ र वृन्दावनलगायतका पात्र हुन्छन्। सामा चकेवा पर्वमा माटोको आकृति बनाएर दिदी-बहिनीले मनोवाञ्छित फल प्राप्तिका कामना गर्दछन्। मूर्तिलाई चलायमान गरी सम्वादको आनन्द उठाउँछिन्। यसमा कुनै बेला बृन्दावनमा आगो लगाउँछिन् र, कुनै बेला चुगलाको मुख आगोले पोल्छिन्। डालामा राखिएका सबै माटोका मूर्तिहरू त्यत्ति बेला जीवन्त भएर आउँछन्, जब महिला त्यसलाई पात्रका रूपमा उभ्याएर गीति सम्वाद बोल्छन्।

कथा तत्व

मिथिलामा सामा चकेवाको प्रचलन प्राचीन कालदेखि नै रहेको पाइन्छ। यसको सर्वप्रथम चर्चा पद्रमपुराणमा पाइन्छ। यो पूर्णरूपमा भाइबहिनीको प्रेममा आधारित छ। भाइको वीरता, उदारता र प्रशंसाको वर्णन, बहिनीको अद्भूत भ्रातृत्व प्रेमको चित्रण, चुक्ली गर्नेहरूको प्रतीक चुगला प्रवृत्तिको निन्दा, सामाको ससुराल जाने प्रसङ्गको मार्मिक क्षणजस्ता गीति सम्वाद र अभिव्यक्तिको छोटो कथातत्व बोकेको गीति संरचना रहेको छ।

स्कन्द पुराणमा सामा चकेवाको कथा सम्प्रसङ्ग उल्लेख गरिएको छ,



जसअनुसार श्यामा ( सामा) र चकेवा पतिपत्नी हुन्। श्यामाका पिता कृष्ण छन् भने पति चारूवक्य (चकेवा)। चारूवक्य आश्रममा वस्दथे। श्यामा आफ्ना पतिलाई भेट्न आश्रम गइरहँदा चुगलाले कष्णकहाँ गइ चुक्ली लगाए-श्यामा कुनै मुनिसँग प्रेम गर्छिन रे ! कृष्ण रिसाएर श्राप दिई चरा बनाइ दिए। भाइ शम्बलाई जब यो थाहा भयो, उनी छटपटिन थाले। बुवासँग अनुनय विनय गरे। केही सीप लागेन। अनि तपस्या शुरू गरे। कार्तिक पूर्णिमाका दिन तपस्या पूर्ण भयो र वरदानमा बहिनी श्यामा ( सामा)को पूर्वरूपमा पाए। त्यसैले बहिनीद्वारा भाइका लागि यो पर्व मनाउने गरिन्छ।

चारूवक्य पत्नी वियोग सहन गर्न नसकेर तपस्याकै भरमा चकेवाका रूपमा चरा हुन पुगे । चरा भएकी पत्नी सामासँग वस्न थाले। त्यसै क्रममा उनीहरूको वास रहेको वृन्दावनमा विरोधीले आगो लगाए। उठीवास गर्न धेरै प्रयत्न गरे तर अन्तत:आफ्नो तपस्या र पराक्रमले उनीहरू पुन:मानवरूपमा अवतरण भएको आख्यान रहेको छ।

केही गीत

यस पर्वमा मिथिलाञ्चलको पारिवारिक जीवन तथा लोक आस्थाको अट्ट सम्बन्ध देखिन्छ। मानव मात्र हैन, घर परिवारमा रहने चरा, झाँझी कुत्ता, वनतित्तर र जङ्गली जीवनको अद्भूत समन्वय रूप देखिन्छ।

समाज र परिवार जहाँ हुन्छ, त्यहीँ चुक्ली गर्ने, षड्यन्त्र गर्ने चुगलाजस्ता पात्र हुन्छ। कठपुतली नृत्यको आभास दिने यो पर्वमा डोरीले हैन, हातले सञ्चालन हुन्छन् र महिला सूत्रधारका रूपमा जीवनका गाथा लोक धुनको आधारमा गाउँछिन् जसमा अपूर्व र विशिष्ट शैलीको जनजीवनकै उद्वेग प्रवाहित भइरहेको हुन्छ।

महिला जब आ-आफ्नो घरबाट डालामा मूर्ति राखी सामा खेल्न चौरतिर निस्किन्छन् तब उनी गाउँछिन् :

डालाले बहार भेली, बहिनी से पलाँ बहिनो

फलाँ भइया लेल डाला छीन, सुनु गे राम सजन'..।

भाइ र उनका परिवारजनको मङ्गल कामना गर्दै गाइने गीतमा जनकपुरधामको चर्चा आउनु महत्वपूर्ण सङ्केत गर्दछ। यसले जनकपुरको प्राचीनता र समृद्धितिर पनि इङ्गित गरेको प्रस्ट छ :

सिरी रे जनकपुरसँ आबि गेल भ्रमरा लागि गेल पनमा दुकान"""..।

जब चुगला बारी आउँछ, त्यसलाई बायाँ हातमा समाति त्यसको जुँगा भनी राखिएको सनपाट (जुट) मा दाहिने आगो लगाउँदै निभाउँदै महिला यस प्रकारको गीत गाउँछिन् :

धान -धान-धान , भइया कोठी धान

चुगला कोठी भुस्सा "।

प्रतीकात्मकरूपमा भैयाकोठी धान र चामल भनी भाइको समृद्धिको कामना गरिन्छ भने चुक्ली लगाउने दुष्ट प्रवृत्तिको कोठीमा भुसा र खरानी भएको देखाएर तिरस्कृत र लाञ्छित गर्ने काम गरिएको छ। सम्पन्नतासँगै भाइ वीर र योद्धा पनि छन्। वृन्दावनमा आगो लाग्दा निभाउने कोही नभएको अवस्थामा बहिनीलाई भाइमाथि विश्वास भएको गीत यसरी गाइन्छ :

वृन्दावनमे आगि लागै

कोइ ने मिझावे हे

हमर भैया फलना भैया

दौडि -दौडि मिझाबे हे"..।

सामा चकेवाको विसर्जनको बेलाको गीत मर्मस्पर्शी हुने गरेको छ

सामचको, सामचको अइह हे

जोतल खेतमे बइसिह हे""..।

पूर्णिमा का दिन सामा चकेवालाई अर्को वर्ष फेरि कूड खेतमा आइ बस्नु हे भन्दै सबै माटोका पात्रको विसर्जन गरिने चलन रहेको छ। राससबाट

## जनकपुर-जयनगर रेल मंसिरमा हस्तान्तरण हुने : मन्त्री महासेठ

जनकपुरधाम। भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले भारत सरकारसँग खरिद गर्न लागेको दुई वटा रेलको परीक्षण भइसकेको बताएका छन्। 'एक हजारदेखि १३ सय सिट क्षमता भएको दुइ रेल अगामी नोभेम्बर महिनासम्म हस्तान्तरण गर्ने तयारी छ। पत्र पनि आइसकेको छ,' मन्त्री महासेठले भने, 'केही कुटनीतिक समस्याका कारण रेल सञ्चालनमा ढिलाई भएको हो। भारत सरकारले रेल हस्ताण्तरण नगरून्जेल हामी केही गर्न सक्दैनौं।' संघीय सरकार प्रदेश २ को विकासप्रति गम्भीर रहेको दावी गर्दै उनले नेपालमा कहींकतै नभएको पूर्वाधार विकास प्रदेश २ मा भइरहेको बताए। जनकपुर काठमाडौंपछि दोस्रो सहरको रूपमा छिट्टै स्थापित हुन लागेको उनले दावी गरे। 'नेपालमै पहिलोपट जटहीदेखि ढल्केवरसम्म ६ लेनको फर्निचर र रेलिङ सहित ४० किलोमिटर सडक निर्माण भइरहेको छ। प्रदेश २ मा नेपालकै सबैभन्दा लामो पुल बन्न लागेको छ। महेन्द्र राजमार्ग विस्तार हुन लागेको छ,' मन्त्री महासेठले भने। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बन्ने र कसले बनाउने समेत निश्चित भइसकेको उनले जनाए। प्रदेशको समृद्धिका लागि जटही नाकालाई भारतको मुज्जफरपुर नाकासँग जोड्न भारतीय सरकारसँग छलफल भइरहेको उनको भनाइ थियो। 'मुजफरपुर-जटही जोड्न भारतीय सरकारसँग कम्तीमा ४ लेनको सडक बनाउन कुरा राखेका छौं। भारत सकरात्मक छ। यो नाका नेपालकै प्रमुख नाका बन्न सक्छ,' उनले भने। विकासको सबैभन्दा महत्वपूर्ण पाटो सडक सञ्जाल रहेको बताउँदै उनले संघीय सरकार हरेक स्थानीयत तहलाई राजमार्गसँग जोड्न सडकबाटो निर्माण गरिरहेको जिकिर गरे। 'प्रदेश २ मा राजमार्ग अन्तर्गत ३ सय किलोमिटर सडक मात्र बनेको थियो। हामीले १ हजार १ सय ५२ किलोमिटर पुर्‍याएका छौं,' उनले थपे।

## अन्तरदेशीय ग्यास पाइपलाइन निर्माणको योजना सर्भे शुरू

वीरगन्ज। नेपाल आयल निगमले नेपाल-भारत अन्तरदेशीय ग्यास पाइपलाइन निर्माणको योजना अघि ल्याएको छ। मोतिहारी-अमलेखगंजसम्म पेट्रोलियम पाइपलाइन विस्तार सम्पन्न भएपछि निगमले अर्को महत्वपूर्ण योजना ल्याएको हो। ग्यास पाइपलाइन मोतिहारीबाट चितवनको लोथरसम्म लगिनेछ। निगमले ग्यास पाइपलाइनसँगै अमलेखगंजसम्म ल्याइएको पेट्रोलियम पापलाइनलाई पनि लोथर पुऱ्याउने तयारी गरेको छ। दुवै योजना निर्माणका लागि निगमले सर्भेको काम शुरू गरेको छ। सङ्घीय सरकारका उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृका यादवले अमलेखगंजस्थित आयल निगमको क्षेत्रीय डिपोबाट शनिवार सर्भेको शुभारम्भ गरेका छन्। सर्भेको सुरूआत गर्दै मन्त्री यादवले इन्धन र ग्यासको आपूर्ति तथा वितरण सहज बनाउन अर्को दुई महत्वपूर्ण योजना ल्याइएको बताए। मन्त्री यादवले पाइपलाइन विस्तारको कामलाई सरकारले क्रमश: विस्तार गर्दै लैजाने बताए। उनले अमलेखगंजबाट द्रुतमार्ग हुँदै काठमाडौंसम्म पाइपलाइन विस्तार गर्ने विषयमा समेत छलफल भइरहेको बताए। आयल निगमका कार्यकारी निर्देशक सुरेन्द्रप्रसाद पौडेलले दुई योजनाको आन्तरिक काम भइरहे पनि सर्भेको औपचारिक सुरूआत आजबाट गरिएको बताए। पौडलका अनुसार नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेशनले संयुक्तरूपमा सर्भेको काम गर्नेछ। सर्भे अन्तर्गत स्थलगत निरीक्षण, पाइपलाइन विस्तार गर्न सडक, माटो परीक्षणलगायतका कार्य गरिने पौडेलले बताए। दुई योजना निर्माणका लागि झन्डै २५ अर्ब खर्च हुने प्रारम्भिक अनुमान आयल निगमले गरेको छ। योजनाको डिपिआर सम्पन्न भएको र प्रतिवेदन आएपश्चात् योजनाको यकिन विवरण प्राप्त हुने निगमले जनाएको छ।

## कोच युवा सम्मेलन सम्पन्न

काठमाडौं। नेपाल र भारतमा बसोबास गर्ने कोच समुदायको विकासका लागि रणनीतिक योजना आवश्यक रहेको दुवै देशका युवाहरूले निष्कर्ष निकालेका छन्। झापाको बिर्तामोडमा भएको अन्तर्राष्ट्रिय कोच सांस्कृतिक युवा सम्मेलनका सहभागीले कुनै एउटा विषयको विकासले मात्र समग्र समुदायको उत्थान नहुने ठहर गरेका छन्।

सम्मेलनमा नर्थ बंगाल इथ्निक कल्चरल वेलफेयर, कोच राजवंशी गाभुर संघ उत्तर दिनाजपुर पश्चिम बंगाल, इबोङ आमार एन्जेओ भारत, राजवंशी विकास समिति बिहार, सिलिउड सिने क्रिएसन भारत, अनुरोध फाउन्डेसन मोरङ र कोचिला गाभुर फ्रन्टका झापा र मोरङका विभिन्न गाउँ तथा नगर समितिका गरी १५ वटा संस्थाका २ सय ५० बढी युवाको सहभागिता थियो।

## आर्थिक समाचार

### नेपाल लाइफको शाखा विस्तार

काठमाडौं। नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले एक कार्यक्रमका बीच डोल्पाको दुनैमा शाखा कार्यालय उद्घाटन गरी कारोबार सुरू गरेको छ। उक्त औपचारिक कार्यक्रममा प्रमुख अतिथि बीमा समितिका अध्यक्ष चिरञ्जीवी चापागाँईले डोल्पाको दुनै शाखाको विधिवत् उद्घाटन गरेका छन्। उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष चापागाँईले जीवन बीमाले जोखिम बहन गर्नुका साथै बचत गर्ने बानीको पनि विकास हुने भएकोले जोखिम बहनको साथै बचतसमेत हुने बताए। देशव्यापी रूपमा जीवन बीमा क्षेत्रको बजार विस्तारमा नेपाल लाइफले महत्वपूर्ण योगदान पुऱ्याएको र डोल्पा जस्ता नेपालका अन्य दुर्गम क्षेत्रमा पनि आफ्नो सेवा पुऱ्याइरहेकोमा नेपाल लाइफलाई धन्यवाद व्यक्त गरे। अध्यक्ष चापागाँईले हिमाली जिल्लाको दुरदराजमा पुगेर न्यून आय भएका जनतालाई पनि बीमाको दायरामा ल्याउन सुझाए। अध्यक्ष चापागाईले बीमाको महत्वबारे हिमाली क्षेत्रका बासिन्दालाई बुझाउन आवश्यक रहेको भन्दै डोल्पामा नेपाल लाइफको सेवा प्रवाहले हिमाली क्षेत्रमा बीमाको उपस्थिति बलियो हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा नेपाल लाइफ इन्स्योरेन्स कम्पनीका प्रमुख कार्यकारी अधिकृत विवेक झाले तीव्र गतिले बीमा व्यवसाय विस्तार भइरहेको परिप्रेक्ष्यमा एक तिहाई बजार हिस्सा नेपाल लाइफले ओगट्न सफल भई देशको बीमा व्यवसायलाई बढाउन महत्वपूर्ण योगदान पुऱ्याउन सफल भएको जनाए। साथै यो सफलता प्राप्त हुनुमा सबैको विश्वास र भरोसा रहेको बताउँदै, सो विश्वास र भरोसा सदैव कायम राख्न नेपाल लाइफ हरपल लागि पर्ने प्रमुख कार्यकारी अधिकृत झाले प्रतिवद्धता व्यक्त गरे। नेपालका दुरदराजसम्म पनि सहज रूपमा बीमा सेवाको पहुँच पुऱ्याउन सकियोस् भनी डोल्पाको दुनैमा शाखा विस्तार गरिएको र नेपालभर नै सेवाको विस्तार गर्ने लक्ष्य नेपाल लाइफको रहेको प्रमुख कार्यकारी अधिकृत झाले जानकारी दिए।

करिब एक तिहाई बजारहिस्सा ओगटेको यस कम्पनीको चुक्तापूँजी जीवन बीमा क्षेत्रकै सर्वाधिक रू. ५ अर्ब ५० करोड रहेको छ भने लगानी रू. ७७ अर्ब ५४ करोड रूपैयाँ रहेको छ। त्यस्तै, कम्पनीको जीवन बीमा कोष ७२ अर्ब २४ करोड रूपैयाँ र शेयरधनी कोष ८ अर्ब ५७ करोडभन्दा बढी रहेको छ। कम्पनीले यस आर्थिक वर्षको पहिलो तीन महिनामा जम्मा रू. ७ अर्ब ९० करोड बीमा शुल्क संकलन गरेको छ। १ लाख ३४ हजार ५ सय ६३ प्रशिक्षित अभिकर्ता रहेको यस कम्पनीले आफ्ना सेवाग्राहीहरू तथा ग्राहकहरूका लागि हालसम्म देशभर फैलिएका १ सय ९३ शाखा तथा उप शाखाहरू मार्फत जीवन बीमासम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइरहेको छ। हालसम्म स्वदेश र विदेश गरी २६ लाख ६३ हजार ९ सय ८१ व्यक्ति यस कम्पनीमा बीमित भइसकेका छन्। ग्राहकहरूको हितलाई ध्यानमा राखी यस कम्पनीले समयसापेक्ष आवश्यक थप सेवा तथा सुविधाहरूसमेत उपलब्ध गराउँदै जाने प्रतिबद्धता व्यक्त गरेको छ।

### मर्जरसम्बन्धी अन्तिम सम्झौतापत्रमा हस्ताक्षर

काठमाडौं। ग्लोबल आइएमई बैंक र जनता बैंक नेपालबीच मर्जरसम्बन्धी अन्तिम सम्झौतापत्रमा शुक्रबार हस्ताक्षर भएको छ। काठमाडौंमा आयोजित एक समारोहबीच दुई बैंकका अध्यक्षहरूले अन्तिम सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन्। सम्झौतापत्रमा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र जनता बैंक नेपालका अध्यक्ष केशवबहादुर रायमाझीले हस्ताक्षर गरेका छन्। दुवै बैंकको वार्षिक साधारण सभा सम्पन्न गरी नेपाल राष्ट्र बैंकको अन्तिम स्वीकृति प्रश्चात एकीकृत कारोबार सुरू हुनेछ। उक्त सम्झौता कार्यक्रममा ग्लोबल आइएमई बैंकका अध्यक्ष ढकालले नेपाल सरकार र नेपाल राष्ट्र बैंकको ठूला वित्तीय संस्थाहरूको मर्जरसम्बन्धी नीति कार्यान्वयनमा सहयोग पुग्ने गरी ग्लोबल आइएमई बैंक र जनता बैंकबीच मर्ज भएको बताउँदै मर्जपछि यो संस्था ७७ जिल्लामै शाखा संजाल भएको नेपालकै सबैभन्दा ठूलो बैंक बन्न सफल हुने विश्वास व्यक्त गरे। ग्लोबल आइएमई बैंक मर्जरमा सधैं अग्रपंक्तिमा रहेको बताउँदै अध्यक्ष ढकालले यसअघि ग्लोबलले १० वटा विभिन्न वित्तीय संस्थासँग र जनताले ७ वटासँग मर्ज गरिसकेकोले यो १८ औं मर्ज रहको र यो वित्तीय क्षेत्रमा नयाँ किर्तिमान हो भने। सो अवसरमा जनता बैंकका अध्यक्ष रायमाझीले देशको उत्कृष्ट वित्तीय संस्था स्थापना गर्ने योजना एवं नीतिबमोजिम ग्लोबल आइएमई बैंकसँग नेपाल राष्ट्र बैंकको सहमति लिएर मर्जमा जाने निर्णय गरिएको बताए। उनले ग्लोबल बैंकसँगको मर्जरका सम्पूर्ण प्रक्रिया टुंगो लागिसकेकाले चाँडै संयुक्त कारोबार हुने बताए।

## अन्योलमा...

जिल्ला तयारी बैठकको सल्लाहमा केन्द्रिय पर्यवेक्षकले तोकेको स्थानहरूमा र जिल्लाको हकमा जिल्ला सदर मुकाममा सम्मेलनहरू हुनेछ। सम्मेलन गर्दा उपस्थित सबै सहभागीहरूको फोन नम्बर सहितको उपस्थिति बनाउने र सो रेकर्ड पनि केन्द्रिय पर्यवेक्षक मार्फत केन्द्रमा बुझाउनुपर्नेछ।

सम्मेलनको कार्यक्रमबारे स्थानीय संचार माध्यम, पर्चा, पम्प्लेट तथा टेलिफोन समेतको माध्यमबाट विभिन्न तयारी बैठक समेत गरी सबै कार्यक्रमहरूको सम्बन्धमा व्यापक रूपमा प्रचार प्रसार गरिनेछ। कुनै पनि विषयमा उपस्थित सदस्यहरूको सर्वसम्मती हुन नसके बहुमत सदस्यहरूको बिचारबाट निर्णय गरिनेछ।

सम्मेलनको घोषित मिति परिवर्तन हुने छैनासाथै कुनै पनि नेताको अनुपस्थितिको कारणले सम्मेलन स्थगित हुने छैन। सम्मेलनमा पार्टीका सबै नेता, कार्यकर्ताहरू आ-आफ्ना वडामा तथा यस निर्देशिकाले निर्धारण गरे अनुसार पालिका, क्षेत्रीय तथा जिल्ला सम्मेलनहरूमा अनिर्वाय रूपमा सहभागी हुनुपर्नेछ। सम्मेलनमा कसैले कुनै निणर्य वा विषयमा असहमति गरेमा वा सुझाव दिन चाहेमा लिखित रूपमा दिन सक्नेछन्।

यसैगरी, सम्मेलन तयारी बैठक : जिल्लाहरूमा जिल्ला भरीका सबै नेता कार्यकर्ताहरूको विस्तारित बैठक कार्तिक १९ गतेको दिन जिल्ला अध्यक्ष मण्डलद्वारा अनिवार्य रूपमा आयोजना गरी तदर्थ समिति गठन हेतु वार्ड सम्मेलनदेखि जिल्ला सम्मेलनसम्मको कार्यक्रमबारे व्यापक रूपमा प्रचार गरी गराई सम्मेलनहरू सम्पन्न गराउन सम्मेलन तयारी बैठकको आयोजना गरिनेछ।

अनौपचारिकतामै सीमित एकता राजपा र समाजवादी पार्टीबीचको बहुचर्चित एकीकरण अहिलेसम्म पनि औपचारिकता पाउन सकेको छैन। दुवै पार्टीका वार्ता टोलीले अहिलेसम्म औपचारिकरूपमा वार्ता प्रक्रिया अगाडि बढाउन सकेको छैन। राजपाका वार्ता टोली संयोजक राजेन्द्र महतोले आफूहरू एकता नजिक रहेको सार्वजनिकरूपमा प्रतिक्रिया दिँदै आएका छन्। तर अन्य पदाधिकारीहरू वार्ता प्रक्रियाबारे अहिलेसम्म अनभिज्ञ छन्।

## दोषीलाई कारवाही गर्न हिन्दू परिषद्को माग

कपिलवस्तु। हिन्दू परिषद नेपालका राष्ट्रिय अध्यक्ष संतोष पटेलले कृष्णनगर घटनाका दोषीलाई कडा कारवाहीको माग गरेका छन्। साथै प्रहरीको गोली लागी मृत्यु भएका सूरज कुमार पाण्डे माथि गहिरो सम्बेदना व्यक्त गर्दै उनको सहादत खेर नजाने बताए। कपिलवस्तु जिल्लाका संचारकर्मीहरूसँग कुराकानी गर्दै अध्यक्ष पटेलले भने हरेक समयमा हिन्दूहरूको पर्वका बेला स्थानीय मुस्लिम अगुवाहरू र राजनीतिक संरक्षणमा हिन्दू माथि अन्याय र अत्याचारको घटना नौलो होइन, बारम्बार हिन्दूका आस्थासँग खेलवाड हुने गरेको सरोकरवालाहरूलाई जानकारी हुँदा समेत मूकदर्शक हुनु आफैमा चिन्ताको विषय बनेको छ। पटेलले भने परिषदका सम्पूर्ण साथीहरू सक्रियताका साथ नेतृत्वदायी भूमिका निर्वाह गर्न समेत निर्देशन दिएका छन्। कृष्णनगर घटनामा प्रशासनको भूमिका नै शंकास्पद रहेको छ। यो घटनालाई गम्भीरताका साथ लिन कपिलवस्तु जिल्लाका सिडियो र एसपीलाई मेरो अनुरोध गरेका छन्। साथै केन्द्र सरकारका गृहमन्त्री रामबहादुर थापा र प्रहरी प्रमुख सर्बेन्द्र



खनाललाई समेत कपिलवस्तु जिल्लाको घटना प्रति गम्भीर हुन आग्रह एवम् अनुरोध गरेका छन्। अन्यथा सम्पूर्ण घटनाको जिम्मेवारी सम्बन्धित निकायले लिनु पर्ने पटेलले बताए।






## महावाणिज्य दूतावासद्वारा एकता दौड

वीरगन्ज। भारतीय महावाणिज्य दूतावास वीरगंजले छठ पर्वको शुभअवसर पारी एकता दौडको आयोजना गरेको छ। एकता दौड कार्यक्रममा वीरगंजको दूतावास अगाडीबाट बिहीबार बिहान दौड सुरू गरी पावरहाउस चौकसम्म पुगेर पुन: दुतावास अगाडी फर्किएर दौड सम्पन्न गरिएको थियो। एकता दौड सम्पन्न पश्चात भारतीय महावाणिज्य दूतावासका कार्यवाहक महावाणिज्य दूतले दौड स्वास्थ्यका लागि लाभदायक भएको बताए। प्रत्येक व्यक्तिले विहान पख अनिवार्य रूपमा दौड्ने गरेमा सदा निरोगी रहने बताए। एकता दौडमा भारतीय महावणिज्य दूतावासका कार्यवाहक दूत रमेश चतुर्वेदी, वाणिज्य दूत विनोद लोसाली, सुरेश कुमार र डा.कोट्राश्वामी रहेका थिए। त्यसैगरी दूतावास अगाडीबाट भएको दौडमा विभिन्न संघसंस्था, सामाजिक अभियन्ता लगायतको सहभागिता रहेको थियो।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं